# रातो खबर

Ratokhabar weekly

साप्ताहिक



कृपया हाम्रा भिडियोहरु हेर्न eratokhabar युटुब च्यानलमा गई Subscribe गर्नुहोस् ।

रातो खबर अब YouTube मा पनि



भिडियो सामग्रीहरु हेर्न www.eratokhabar.com पेजमा गई हेर्न सकिनेछ ।



वर्ष ४, अङ्क १४, पूर्णाङ्क १६० | २०७५ भदौ २७ गते बुधबार | Wednesday, 12 Sep 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## सत्तासीन नेकपामा विद्रोह, २३ कार्यकर्ता विप्लव नेकपामा प्रवेश

■ रातो खबर संवाददाता/काठमाडौं

क्रान्तिकारी ध्रुवीकरण तीव्र भइरहेको बेला सुर्खेतमा पूर्वमाके र एमालेका २३ जना कार्यकर्ता विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरेका छन् । अहिलेको दलाल संसदीय पुँजीवादी व्यवस्थाबाट कुनै पनि निकास हुँदैन भन्दै विद्रोह गरी नेकपामा २३ जना पूर्वमाके-एमालेका कार्यकर्ता प्रवेश गरेका हुन् ।

नेकपाले भदौ १ गतेदेखि सुरु गरेको 'सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' मा उनीहरू प्रवेश गरेको जनाइएको छ । उक्त कार्यक्रममा १ नम्बर कमान्डका टिम कमान्डर महेश, टिमको इन्चार्ज यमराज, नरेशलगायतले नवप्रवेशीहरूलाई पार्टी प्रवेश गराएका थिए । उक्त कार्यक्रमका वक्ताहरूले दलाल सरकारले गर्ने भ्रष्टाचार, अनियमितता, कर असुली, कालाबजारी, बलात्कारी, शोषणदमनको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिका लागि जनतालाई नेकपामा गोलबन्द हुन आह्वान गरेका छन् ।

# देशैभर जनअभियान तीव्र

# 'सच्चा कम्युनिस्ट बन्नुस्, हाम्रो साथ छ'

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले गत भदौ १ गतेदेखि लगातार जनअभियान सञ्चालन गरिराखेको छ । नेकपाका नेता र कार्यकर्ता अहिले जनताको घरदैलोमा पुगेका छन् । जनताका काम गरिदिएका छन् । आफ्ना पार्टीका धारणा व्यक्त गरेका छन् । जनताका सल्लाह र सुझाव लिइरहेका छन् । सङ्गठन विस्तार गरिराखेका छन् । अहिले वर्षाले छाडेको छैन । बाढीपहिरोले जनता आक्रान्त छन् । महिलामाथिको हिंसा बढेको बढ्यै छ तर संसदीय पार्टीहरू स्थानीयदेखि सङ्घसम्मका सरकार चलाउने नाममा जनतामाथि कर्कैकरले थिचिरहेका छन् । हामी जनप्रतिनिधि हौं भन्दै धम्क्याउँदै हिँडेका छन् । यस्तो अवस्थामा नेकपाका नेता/कार्यकर्ता जनताका घर-भुइँमा पुग्दा जनता आश्चर्यचकित र आशावादी बन्दै गएका छन् ।



पूर्वदेखि पश्चिमसम्म चलेका यस्ता अभियानहरूमा नेकपाका नेता/कार्यकर्ताहरूसँग जनपरिषद्‌द्वारा प्रकाशित पोस्टर र पर्चाहरू पनि छन् । ती पर्चा र पोस्टरमा लेखिएका र अङ्कित अक्षर र चित्रले जनताको लोकतन्त्र, जनजीविका र राष्ट्रियताका सवालहरूलाई इङ्गित गरेका छन् । यी पोस्टर, पर्चा र नेकपाका नेता/कार्यकर्ताहरूलाई आफ्नो घरदैलोमा पाउँदा जनता निकै सवाल गर्ने, सुझाव दिने र सङ्गठित हुने गरिरहेका छन् । अधिकांश जनताले 'तपाईंहरू प्रचण्ड र केपी ओलीजस्तो जनतालाई ठग्ने कम्युनिस्ट नहुनुहोला' भन्ने गरेका छन् । उनीहरूले 'तपाईंहरू जनताको सच्चा सेवक र क्रान्तिकारी कम्युनिस्ट हुनुहोला । अहिलेको सरकारले सबै चीजमा कर लगाएको छ । त्यसबाट हामी हैरान भएका छौं । यो करका विरुद्ध आन्दोलन गर्नुस् । स्थानीय सरकारका नाममा भ्रष्टाचार भएको छ । त्यसलाई रोक्ने कार्यक्रम


... बाँकी पृष्ठ ७ मा


## क्रान्तिकारीहरूका लागि जेल एउटा मोर्चा हुन्छ

■ अम्बिका चन्द/काठमाडौं

वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाको उद्देश्य राखेर संसदीय व्यवस्थाविरुद्ध उभिएको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक आयतन बढ्दै गएको राजनीतिक विश्लेषकहरूले बताउने गरेका छन् । नेकपाले पनि आफ्नो लोकप्रियता बढ्दै गएपछि त्यसबाट अत्तालिएर सरकार दमन अभियानमा उत्रिएको बताउँदै आएको छ । गएको स्थानीय तहको चुनाव, प्रदेश तथा प्रतिनिधिसभाको चुनावदेखि नै चुनाव खारेजी अभियानमा सशक्त सहभागिता जनाउँदै आएको नेकपाले संसदीय व्यवस्थाविरुद्ध सङ्घर्षका कार्यक्रमहरू घोषित रूपले अघि बढाउँदै आएको छ । यो बीचमा सरकारले नेपाल कम्युनिस्ट पार्टीका दर्जनौं नेता-कार्यकर्तालाई गिरफ्तार गरी हिरासतमा राखेको छ ।

भनिन्छ, क्रान्तिकारीहरूका निम्ति जेल एउटा सङ्घर्षको मोर्चा हो । उनीहरू सजिलै यो मोर्चालाई स्वीकार गर्छन् । उनीहरू क्रान्ति र परिवर्तनका लागि जेल, नेल र यातना स्वीकार गर्न हरपल तम्तयार हुन्छन् । जनतामा क्रान्ति र परिवर्तनको सपना बाँड्दै हिँडेका र अहिले जेल-हिरासतमा रहेका नेकपाका नेता-कार्यकर्ता पनि जेल र हिरासतलाई सङ्घर्षको मोर्चा मानिरहेका छन् ।



गत साउन २२ गते काठमाडौंको दक्षिणकालीबाट गिरफ्तार भएका नेपाल


बाँकी पृष्ठ ७ मा


## यही अवस्थामा वार्ता सम्भव छैन : सुदर्शन

■ झनक श्रेष्ठ/काठमाडौं



सरकारले नेपाल कम्युनिस्ट पार्टीलगायत सबै आन्दोलनरत पक्षसँग वार्ता गर्ने भन्दै पाँच सदस्यीय वार्ताटोली गठन गरेको छ । उक्त वार्ताटोलीले सोमबार पत्रकारसम्मेलनमा वितरण गरेको विज्ञप्तिमा सरकारले द्वन्द्वरत पक्षहरूसँग वार्ता र संवादको माध्यमबाट देशमा दिगो शान्ति कायम गर्ने उल्लेख गरेका छन् । सरकारका तर्फबाट गठन गरिएको वार्ता समितिको विज्ञप्तिमा कुनै पार्टी वा समूहको नाम उल्लेख गरिएको छैन तर आम जनमानसमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसँग वार्ता गर्नका लागि सरकारले उक्त वार्ताटोली गठन गरेको भन्ने बुझाइ रहेको छ ।

तर सोमबार साँझ नै सरकारभन्दा बाहिरको ठूलो राजनीतिक पार्टी नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले भने सरकारले बनाएको वार्ताटोलीको औचित्य र अर्थ नभएको बताएका छन् । एकातिर आफ्ना नेता-कार्यकर्ता धमाधम पक्राउ गर्ने अर्कोतिर वार्ताको नाटक गरेर सरकारले षड्यन्त्र गरिरहेको भन्दै नेता सुदर्शनले वार्ताटोली नै अस्पष्ट भएको र एकातिर वार्ताको कुरा गर्ने सरकारले अर्कोतिर आफ्नो पार्टीका नेता-कार्यकर्ता धमाधम गिरफ्तार गरिरहेको बताएका छन् । वर्तमान सरकार दलाल


बाँकी पृष्ठ ७ मा


## नेकपाका दुई नेता सर्वोच्च परिसरबाटै पुनः गिरफ्तार

■ गोपाल गिरी/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका दुई पोलिटब्युरो सदस्य मोहन कार्की 'जीवन्त' र कृष्ण धमला 'गम्भीर' लाई प्रहरीले सर्वोच्च अदालत परिसरबाटै पुनः गिरफ्तार गरेको छ । बन्दीप्रत्यक्षीकरण रिटमाथि सोमबार भएको बहसपछि न्यायाधीश तेजबहादुर केसी र केदारप्रसाद चालिसेको संयुक्त इजलासले कार्की र धमलालाई रिहा गर्न आदेश दिएको थियो । तर रिहालगत्तै काठमाडौं प्रहरीले सोमबार बेलुका सर्वोच्च अदालत परिसरबाटै गिरफ्तार गरेको हो ।

अदालतले नेताद्वय कार्की र धमलालाई नुवाकोट प्रहरीले लगाएको आगजनीको अभियोग प्रमाणित हुन नसकेको ठहर गर्दै मुख्य रजिस्ट्रारको रोहबरमा रिहाइको आदेश दिएको हो । उनीहरूलाई अदालतपरिसरबाटै गिरफ्तार गरेको यो दोस्रोपटक हो । उनीहरूलाई काभ्रे प्रहरीले 'सङ्गठित अपराध' अभियोगमा थुनामा राख्दै आएको थियो तर उक्त अभियोगलाई पनि सर्वोच्चले अप्रमाणित ठहर गर्दै भदौ १८ गते थुनामुक्त गरिदिन आदेश दिएको थियो । त्यतिबेला पनि प्रहरीले अदालत परिसरबाट गिरफ्तार गरी नुवाकोट लगेको थियो । नुवाकोट प्रहरीले गैरकानुनी रूपमा




बाँकी पृष्ठ ७ मा


# पुँजीवादका खराबीहरू

देश/परिवेश

■ विप्लव



पुँजीवादले आफ्नो हिंस्रक र अमानवीय सार-चरित्रमाथि 'लोकतन्त्र, प्रजातन्त्र' र 'मानवधिकार' को रङ्गीन खोल ओढाएर आफूलाई सिँगार्न र श्रेष्ठ देखाउन खुब प्रयत्नहरू गरिरहेको छ । पूर्व-सोभियत सङ्घको विघटनपछि अजिङ्गरजस्तो बनेको पुँजीवादले उसको असफलता र पतनबारे टिप्पणी स्वीकार गर्ने त कुरै छोडौं, सुन्न पनि सक्दैन । यी तर्कलाई उसले सीधै कम्युनिस्टको असहिष्णुता र पूर्वाग्रह मात्र भन्ने गर्ला, परन्तु पुँजीवादभित्र यस्ता खराब विशेषताहरू अन्तर्निहित छन् जसका कारण पुँजीवादलाई जति नै असल वा सही देखाउन खोजे पनि आमनागरिकको आँखामा सफल र स्वीकार्य हुन सम्भव बन्दैन । पुँजीवादले आफ्नो सफलताको अनेकौं रूप प्रदर्शन गर्न खोज्छ तर झन् ठूला असफलता र सङ्कटहरूको सामना गर्नुपर्ने हुन्छ र आज त्यो भइरहेको छ । यो सत्य हो- पुँजीवाद कुनै समय प्रगतिशील व्यवस्था थियो, जसबारे कम्युनिस्ट घोषणापत्रमा मार्क्स-एङ्गेल्सले लेख्नुभयो, 'पुँजीपतिवर्गले ऐतिहासिक रूपले निकै क्रान्तिकारी भूमिका निर्वाह गरेको छ । जहाँजहाँ पुँजीपतिवर्गले शक्ति प्राप्त गरेको छ त्यहाँत्यहाँ यसले सारा सामन्ती, पितृसत्तात्मक र भावनात्मक सम्बन्धहरूलाई ध्वस्त पारेको छ ।'

(कम्युनिस्ट घोषणापत्र, पृ. २८) ।

यो सन् १५६० तिरबाट सामन्तवादसँग सङ्घर्ष सुरु गरेदेखि सन् १७६० को औद्योगिक क्रान्तिसम्म अमानवीय सामन्ती व्यवस्थाविरुद्ध विद्रोह, प्रगति र क्रान्तिको प्रतीक बनेर उदायो । त्यतिबेलाका सर्वशक्तिमान् एवम् विश्वविजयको दम्भ पालेर बसेका सम्राट् र सामन्तहरूलाई आश्चर्यजनक ढङ्गले धुलोमा मिलाउँदै सत्तासीन हुन पुग्यो तर जब पुँजीवाद सत्तासीन हुन पुग्यो अति-उत्पादनको बजारमा मुनाफा सोहोर्न थाल्यो, श्रमिकवर्गको उत्पादनलाई आफ्नो थैलीमा भर्न थाल्यो र फाइदाका लागि लुट्नुपर्ने भयो तब पुँजीवादले आफ्नो प्रगतिशील चरित्र गुमाउँदै श्रमिकवर्गमाथि शोषण, उत्पीडन र दमनलाई असीमित प्रकारले लाद्न पुग्यो र एक प्रतिक्रियावादी एवम् खराब व्यवस्थामा पतन हुन पुग्यो । सामन्तवादलाई मिल्काउँदा जिउज्यान दिएर साथ दिने श्रमिकवर्ग (मजदुर, किसान, बुद्धिजीवी) लाई निष्ठुरी प्रकारले लुटमार गर्दै


क्रमशः पृष्ठ २ मा

## सम्पादकीय

# कलाविहीन नाटक !

जनयुद्धकालमा कुनै वक्तव्य निकाल्नुपर्‍यो भने प्रचण्डले प्रायः एउटा वाक्यांश प्रयोग गर्दथे, 'कलाविहीन नाटक ।' तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले ऐतिहासिक तथा युगान्तकारी जनयुद्ध गरिराखेको थियो । उक्त युद्धले देशीविदेशी प्रतिक्रियावादीहरूको सत्तामा भूकम्प ल्याइदिएको थियो भने विश्वका श्रमजीवी जनतामा आशा, भरोसा र उत्साह थपिरहेको थियो । नेपालका प्रतिक्रियावादी र सबैखाले संशोधनवादीहरू आफ्नो सत्ता टिकाउनका लागि विभिन्न तिकडम गरिराख्थे । उनीहरूले सञ्चारमाध्यमहरूलाई आफ्नो नियन्त्रणमा लिएर जनयुद्ध र त्यसका नेताहरूका विरुद्ध विभिन्न भ्रामक तथ्य प्रसारण गर्न लगाउँथे । साथै उनीहरू बेलाबेलामा अस्वाभाविक नाटक मञ्चन पनि गर्न भ्याउँथे । प्रतिक्रियावादी राज्यसत्ताका यिनै हर्कतलाई लिएर प्रचण्डले आफ्ना सार्वजनिक वक्तव्यहरूमा कलाविहीन नाटक भन्ने गर्दथे ।

अहिले तत्कालका कलाविहीन नाटक गर्नेहरूको स्थानमा प्रचण्ड पुगेका छन् । विगत १२ वर्षदेखिको उनीहरूको सहकार्य अहिले आएर सत्तासीनसम्म पुगेको छ । दलाल संसदीय व्यवस्थाको संविधान निर्माण, चुनावी सहकार्य र पछिल्लो क्रममा एउटै पार्टी निर्माणसम्म पुगेको छ । उनीहरूको 'संयुक्त वाम' सरकार गठनसँगै उनीहरूले संयुक्त प्रतिबद्धता लिएको देखिएको छ नेपाल कम्युनिस्ट पार्टी र त्यसका नेताहरूमाथि अघोषित प्रतिबन्ध लगाउने । त्यसै प्रतिबद्धताबमोजिम फागुन ३ गते बनेको ओली सरकारले फागुन ६ गते विराटनगरबाट नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य सुदर्शन, पूर्वमन्त्री पदम राईलगायतलाई गिरफ्तार गरेर युवाहरूको राष्ट्रिय सम्मेलनमा जानबाट मात्र रोकेन, उहाँहरूलाई मुद्दा नै लगाएको थियो । त्यस दिनदेखि यो सरकारले नेपाल कम्युनिस्ट पार्टीलाई आपराधिक समूहको जस्तो व्यवहार गरिराखेको छ ।

अहिले नेपाल कम्युनिस्ट पार्टीका स्थायी समितिका सदस्य एवम् प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड', पोलिटब्युरो सदस्यहरू पदम राई, उमा भुजेल, ओम पुन, कृष्ण धमला, मोहन कार्की र केन्द्रीय सदस्यहरू टेकबहादुर केसी, दीपेश राई, चन्द्रबहादुर खड्का र देवनारायण शाहहरूलाई गिरफ्तार गरिएको छ । उनीहरूलाई गिरफ्तार मात्र गरिएको छैन, प्रकाण्डलाई साउन २२ गते गिरफ्तार गरेर चरम मानसिक यातना दिइयो । सर्वोच्च अदालतले रिहा गर्ने आदेश दिनेबित्तिक्कै राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकको गाडीबाट खोसेर काभ्रे पुर्‍याएको थियो । त्यहाँ पुर्‍याएपछि पनि सर्वोच्चले पुनः रिहा गर्ने आदेश दिएपछि अदालत परिसरबाटै पुनः गिरफ्तार गरेर नुवाकोट लगेको थियो । नुवाकोट अदालतले पनि पुनः रिहा गर्ने आदेश दिएको थियो । तर प्रकाण्डलाई पुनः अदालत परिसरबाट नै गिरफ्तार गरेर भोजपुर लगियो । भोजपुर अदालतले ६० हजार धरौटीमा छाड्ने आदेश दिएको थियो । तर प्रकाण्डलाई पुनः अदालतबाटै गिरफ्तार गरियो र लगभग ५० घन्टा लगाएर दाङ पुर्‍याइएको छ । अहिले फेरि अदालतले ७२ घन्टाभित्र उपस्थित गराउने आदेश दिएको छ ।

ठीक यस्तै हर्कतहरू राज्यले पदम राई, उमा भुजेल, कृष्ण धमला, मोहन कार्कीलगायत अन्य केन्द्रीय सदस्यहरूको हकमा पनि गरिराखेको छ । गत असार १६ गते एउटा सार्वजनिक कार्यक्रमबाट पदम राईलाई काठमाडौँमा समातेर पूर्वका सबै जिल्लाहरू घुमाएको छ । अहिलेसम्म रिहा गरेको छैन । त्यसको केही दिनपछि नै ओम पुनलाई हिँडिरहेको अवस्थामा असार १९ गते काठमाडौँबाट गिरफ्तार गरेर कहिले बर्दिया, कहिले बाँके र कहिले कञ्चनपुर गरिराखेको छ । त्यसपछि साउन १० गते कृष्ण धमला र मोहन कार्कीलाई समातेर टेकु, काभ्रे, नुवाकोट हुँदै फेरि टेकु पुर्‍याएको छ ।

गएको भदौ ८ गतेको मन्त्रिपरिषद्को बैठकले द्वन्द्वरत पक्षसँग वार्ता गर्ने भन्दै ५ सदस्यीय उच्चस्तरीय वार्तोटोली बनायो । त्यसमा नेपाल कम्युनिस्ट पार्टीसँग पनि वार्ता गर्ने कुरा उल्लेख गरियो । तर उमा भुजेललाई भदौ १२ मा काठमाडौँबाटै गिरफ्तार गर्‍यो । उनलाई पनि प्रकाण्ड, कृष्ण धमलाहरूलाई जेजे गरिएको थियो त्यही गरियो । उनलाई बालाजुमा राखेर काभ्रे लगियो । सर्वोच्चले छाड्ने आदेश दिएपछि अदालतको परिसरबाटै पुनः गिरफ्तार गरी नुवाकोट लगिएको छ ।

भदौ २५ गते सरकारद्वारा गठन गरिएको भनिएको उच्चस्तरीय वार्तोटोलीले वार्ताका लागि आह्वान गर्दै पत्रकारसम्मेलन गरेको छ । तर त्यही दिन सिंहदरबारभित्र रहेको कानुन मन्त्रालयसँग जोडिएको सर्वोच्च अदातलबाट वार्तोटोलीको पत्रकारसम्मेलन सकिन नपाउँदै नेकपाका नेताहरूलाई पुनः गिरफ्तार गरेको छ । यो सरकारले वार्ता र गिरफ्तारीलाई सँगसँगै लगेर एउटा विरक्तलाग्दो प्रहसन गरिरहेको छ । यसले नेपाल कम्युनिस्ट पार्टीलाई यो सरकारले हेर्ने द्वैधदृष्टिकोण बनेको स्पष्ट देख्न सकिन्छ ।

अहिले सरकारले नेपाल कम्युनिस्ट पार्टीले जेजस्तो व्यवहार गरिराखेको छ त्यसलाई प्रचण्डको विगतको वाक्यांश सापट लिने हो भने कलाविहीन नाटक मञ्चन भैराखेको छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# जनक्रान्ति र वार्ता प्रकरणबारे



अनिल विरही

स्कुल अफ डिफेन्स कलेज अमेरिकाका एकजना प्रोफेसरले हालै नेपाल भ्रमण गरेर फर्केका छन् । उनी को हुन् र किन नेपाल आए ? यो विषयमा यहाँ चर्चा गर्न खोजिएको होइन । प्रस्तुत गर्न खोजिएको विषय के हो भने उनले सबैतिर माओवाद ओरालो लागेको बेला नेपालमा माओवादी किन समाप्त भएन ? भनेका छन् । ओरालो यात्रा पुँजीवादको छ कि माओवादको, त्यो पनि छलफलको वियष हो तर नेपालमा माओवाद बढ्दै गएको तथ्य सर्वस्वीकार्य छ । यही बेला सरकारले वार्तोटोली गठन गरेको छ र त्यसको औचित्य र कार्यक्षेत्रका विषयमा बहस अगाडि आएको अवस्था छ । नेकपाले त्यस विषयमा आफ्नो पार्टी धारणा पनि सार्वजनिक गरिसकेको छ ।

राजनीतिक समस्या र वार्ताको कुरा गर्दा नेपालमा जति दमन गरे पनि, जति नै धोका दिए पनि पटकपटक बर्सात्को दुबोझैँ माओवाद किन मौलाइरहेको छ ? त्यसको सही जबाफ आवश्यक छ र त्यसलाई सम्बोधन गर्ने तत्परता नभएसम्म समस्या समाधान हुन सक्दैन ।

पदम राई, किरण राई, दीपेश राई हुँदै प्रकाण्ड र शिलुसम्मको गिरफ्तारीमा पुग्दा ओली-प्रचण्ड सरकारले नेकपालाई छाम्न, प्रगतिशील शक्ति र जनताको प्रतिक्रिया बुझ्न खोजेको देखिन्छ । उसले दमन गर्ने धम्की पनि दिएको छ तर त्यो सरकारी धम्कीभित्र आमनागरिकले गृहयुद्धको धुवाँ मडारिइरहेको देखेका छन् । सरकारी चालढालको चौतर्फी विरोध भएपछि अथवा सरकारले राजनीतिक पहलकदमीमा रक्षात्मक भएपछि वार्ताको तुरुप फालेको छ । त्यसैले वार्ताको चर्चा नै गलत, पश्चगामी र षड्यन्त्रकारी छ । दमन चर्काउँदै लगेपछि वार्ता हुन्छ ? जनता, कार्यकर्ता, बौद्धिक समुदायमा भ्रम पार्ने र विभाजित गर्ने राजनीति वार्ताको चर्चाभित्र लुकेको छ । विगतमा शाहीसेनाले समाप्त गर्न नसकेको माओवादीलाई वार्ताको अस्त्रले पराजित गरेको नजिर उनीहरूसँग छ । त्यसबाट उनीहरू उत्साहित होलान् । कोलम्बियाको फार्क विद्रोही वार्तामा आएर कसरी समाप्त भयो ? त्यो नजिर पनि हाम्रासामु छ । नेपालमा पटकपटक जनविद्रोह भएका छन् तर राज्यसत्ताको प्रश्नमा कहिल्यै छलफल भएको छैन । राज्यसत्ताको प्रश्न समाधान नगरेसम्म राजनीतिक समस्या समाधान हुँदैन । के सरकारी पक्ष दलाल पुँजीवादी सत्ता र वैज्ञानिक समाजवादी सत्ताबीचमा स्वतन्त्र र निष्पक्ष जनमत सङ्ग्रहमा जान तयार छ ? होइन भने नेपालमा पटकपटक जनविद्रोह भइरहनेछ र एक दिन गृहयुद्ध वा राष्ट्रिय मुक्तियुद्धले समस्या समाधान गर्नेछ । गएको शान्तिप्रक्रियामा संसद्, मन्त्रिमण्डल र लुटपाटका विषयमा छलफल र सहमति भए । प्रचण्ड-बाबुरामलाई सुविधा दिइयो र त्यसबापत क्रान्तिकारी सत्ता विघटन गरियो । पुरानो सत्तालाई पुरानै (२०५२ साल) अवस्थामा पुर्‍याइयो । समस्याको जरो त्यहीँ छ । निकिता ख्रुस्चोभसँगको बहसमा अध्यक्ष माओले महाविवादमा संसद्ले पुरानो सेना विघटन गर्न सक्छ ? भन्नुभएको थियो । सरकार राज्यसत्ताको प्रश्नमा बहस गर्न तयार छ ? अथवा बन्दुक ताकेर मलाई मान, दलाल र लुटेरो व्यवस्था मान, देशद्रोही नेतालाई मान्यता देऊ भनिरहेको छ ? प्रश्न यहाँनिर छ ।

दलाल सरकार नेकपासँग राजनीतिक प्रतिस्पर्धा गर्न नसक्ने भएपछि दमनको नीति लिएको छ । त्यसअनुसार क. प्रकाण्डलाई गिरफ्तार गरेको छ । प्रकाण्डलाई गिरफ्तार गरेर वार्ताको चर्चा ! नेकपा सरकारसँग वार्ताप्रक्रियामा सहभागी भएरै यहाँसम्म आएकै त हो । त्यसको परिमाण के भयो ? के नेकपाललाई पनि पुरानै नजिरमा डुबाउन खोजेको हो ? अथवा के गर्न चाहेको हो ? स्पष्ट छैन ।

सरकारले वार्तोटोली गठन त गर्‍यो तर उसले कोकोसँग के विषयमा वार्ता गर्न खोजेको हो ? स्पष्ट छैन । त्यसकारण नेकपाले त्यस विषयमा धेरै टाउको दुखाउनुपर्ने कारण छैन । भदौ २२ गतेको सरकारी वार्तोटोलीद्वारा काठमाडौँमा आयोजित विचारगोष्ठीमा सरकारद्वारा रुचाइएका वक्ताहरूले नै दमन गरेर वार्ता नहुने, सरकारले आफ्नै कानुनको धज्जी उडाएको, सरकारको नीति स्पष्ट नभएको प्रतिक्रिया दिएका छन् । वार्तोटोली नै सरकारप्रति सन्तुष्ट देखिन्न । कैयौँ प्रहरी अधिकृतहरू सीके राउत र नेकपालाई एउटै घानमा हालेर समस्या समाधान हुँदैन भनिरहेका छन् ।

विषयहरू सार्वजनिक भएपछि जनता र कार्यकर्तामा त्यस प्रश्नले स्थान लिन्छ । त्यसकारण विषयको स्तरअनुसार हरेक क्रान्तिकारीले जबाफ दिनुपर्छ । हुनसक्छ त्यो जबाफ हिन्दी भाषाको उखान 'मियाँ की जुती मियाँ के शर पर' भनेझैँ किन नहोस् । प्रतिक्रियावादीहरूको शान्तिको नाराभित्र भयानक दमन र रक्तपातको षड्यन्त्र लुकेको हुन्छ । वार्ताको चर्चासँगै ओली-प्रचण्ड सरकारले दमन चर्काएर लगेको छ । क.प्रकाण्ड हुँदै क.उमा भुजेल शिलुसम्मको गिरफ्तारीले त्यसलाई पुष्टि गरेको छ ।

पृष्ठ १ बाट क्रमशः ...

# पुँजीवादका खराबीहरू

उसले आफूलाई दास मालिक र सामन्ती वर्गकै गुणमा परिणत गर्न पुग्यो । तत्पश्चात् पुँजीवाद र श्रमिकवर्गका बीचमा नयाँ अन्तरविरोध पैदा भयो । श्रमिकवर्ग पुँजीपतिवर्ग र उसको सत्ताविरुद्ध अन्तिम विद्रोहका लागि अगाडि आयो ।

पुँजीवाद खराब व्यवस्थामा बदलिएपछि सर्वहारावर्गले १७० वर्षदेखि सङ्घर्ष गरिरहेको छ । पुँजीवादी केन्द्र युरोपबाट सुरु भएको सङ्घर्ष आज आउँदा विश्वभरि फैलिएको छ । एकातिर पुँजीवादी विश्व खडा छ भने अर्कोतिर पुँजीवादका विरुद्ध वैज्ञानिक समाजवादी आन्दोलन चलिरहेको छ । पुँजीवादले आफ्नो शासन सत्ताबारे अनेकौँ प्रचार गरे पनि पुँजीवाद मानव-दुनियाँमा शोषणकारी र उत्पीडनकारी खराब व्यवस्था हो भन्नेमा समाजवादीहरू मात्र होइन, स्वयम् पुँजीवादका समर्थकहरू पनि सहमत छन् । पुँजीवाद कसरी खराब व्यवस्था हो भन्ने बुझ्नका लागि यसका वैचारिक, राजनीतिक, आर्थिक, सांस्कृतिक खराबीहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. वैचारिक खराबीहरू
२. राजनीतिक खराबीहरू
३. आर्थिक खराबीहरू
४. सामाजिक खराबीहरू
५. सांस्कृतिक खराबीहरू

१. वैचारिक खराबीहरू

पुँजीवाद वैचारिक रूपले खराब एवम् गलत दृष्टिकोण बोकेको व्यवस्था हो । प्रकृति, समाज र राज्यलाई बुझ्नेमा यसको दृष्टिकोण आदर्शवादी (अध्यात्मवादी) र अधिभूतवादी रहेको छ जुन दृष्टिकोण विशिष्ट विशेषतासहित विकासमान मानव मात्रका लागि पूराका पूरा अवैज्ञानिक र खराब रहेको छ जसका बारेमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) अध्यात्मवादी दृष्टिकोण
(ख) अधिभूतवादी दृष्टिकोण

(क) अध्यात्मवादी दृष्टिकोण

अध्यात्मवादी दृष्टिकोण पुँजीवादको पहिलो वैचारिक खराबी हो । पुँजीवादले यो विश्व ब्रह्मान्ड, प्रकृति, समाज र राज्यलाई अध्यात्मवादी (परम् चेतनाको) दृष्टिकोणअनुरूप व्याख्या गर्छ र बुझ्न लगाउँछ । यी सबै वस्तुहरू कुनै बेला ईश्वर, भगवान्, प्रभुले निर्माण गरेका हुन्, आज पनि परम् शक्तिकै इच्छा र बलमा चल्छन् भन्नेजस्तो अवैज्ञानिक दृष्टिकोण सिकाउँछ जब कि अठाह्रौँ र उन्नाईसौँ शताब्दीमा पुँजीवादले सामन्तवाद, सम्राट् र राजाहरूसँग विद्रोह गर्दा उनीहरूले धर्मको आडमा निरङ्कुश शासन चलाएको आरोप लगाउँदै अध्यात्म र धर्मलाई राज्यबाट अलग गरेको थियो । आज राज्य सञ्चालनको व्यावहारिक जीवनमा पुँजीवादले विज्ञानको बलमा रजाइँ चलाएको छ तर अरूलाई राज्यको सन्दर्भमा अध्यात्मवादी दृष्टिकोण लाद्ने काम गरिरहेको छ । अध्यात्मवाद वा ईश्वर, भगवान्, प्रभु भनेका कल्पना मात्र हुन् भन्ने कुरा हरेक भौतिक वैज्ञानिकले विश्वास गर्छन् जसले स्वयम् पुँजीवादलाई भौतिक विकासको अत्याधुनिक अवस्थामा पुर्‍याएका छन् तर पुँजीवाद र पुँजीवादका सञ्चालकहरूले जानाजान विज्ञानलाई अवज्ञा गर्दै अध्यात्मवादलाई प्रोत्साहन गरिरहेका छन् । उनीहरूको यो दृष्टिकोणले पुँजीवादी राज्यलाई कायम राख्न र राज्य सञ्चालक शासकवर्गलाई सत्तामा टिकिरहन मात्र सघाउ पुर्‍याएको छ । अध्यात्मवादी दृष्टिकोणले यो संसारमा जुन सत्ता चलेको छ, यो अनन्त छ र जो सत्तामा छन् ती सत्ता चलाउनकै लागि आएका हुन् । साथै जो शोषित र उत्पीडित छन् ती यसकै लागि आएका हुन्, यसलाई बलजफ्ती फेर्न सकिँदैन भन्ने बुझाउँछ । विज्ञान मुख्य हो भन्ने जान्दाजान्दै आफ्नो उत्पीडनकारी शासन लाद्नका लागि अध्यात्मवादी दृष्टिकोण थोपर्नु भनेको पुँजीवादको वैचारिक खराबी हो ।

**(ख) अधिभूतवादी दृष्टिकोण**

पुँजीवादको अर्को वैचारिक खराबी मान्छेहरूमा अधिभूतवादी दृष्टिकोण फैलाउनु हो । अधिभूतवादी दृष्टिकोण भनेको प्रकृति, समाज, राज्य, राजनीति सबै वस्तुलाई जड, अगति, यथास्थिति, निरन्तरतामा हेर्ने (क्रमभङ्गतामा नबुझ्ने) र बुझ्ने दृष्टिकोण हो । यसले मान्छेलाई एकपाटे, एकलकाँटे, मनोगत र जड बनाइदिन्छ । यो दृष्टिकोणअनुसार समाज र राज्यव्यवस्थालाई पुँजीवादी रचना र सञ्चालनबाट बदल्न सकिँदैन, यही व्यवस्थामा जति सकिन्छ सुधार र थपघट गर्दै यसैमा रहनुपर्छ । अधिभूतवादी दृष्टिकोण अपनाउनुको कारण नै पुँजीवादलाई रक्षा गर्नु र जीवन दिनु हो । विज्ञानले सम्पूर्ण तथ्यका आधारमा ब्रह्माण्डका सबै वस्तु गतिशील, विकासशील र परिवर्तनशील छन् भनेर प्रमाणित गरेको छ । यो तथ्य पुँजीवादीहरूलाई पनि थाहा छ तर पुँजीवादीहरूले केही जानाजान र केही भ्रमवस राजनीतिक परिवर्तन पुँजीवादसम्म मात्र हो, अगाडि परिवर्तन सम्भव छैन भन्ने बनाउन खोज्छन् । यो विज्ञानविरोधी दृष्टिकोण हो । यसलाई नै वैचारिक रूपले अधिभूतवादी दृष्टिकोण भनिएको हो ।

**२. राजनीतिक खराबीहरू**

पुँजीवादभित्र राजनीतिक विचार र संरचनाका दृष्टिले पनि धेरै खराबी रहेका छन् । राजनीति जनताको सामाजिक, आर्थिक, सांस्कृतिक संरचना निर्माण, सञ्चालन र विकास गर्ने मूल नीति हो । राजनीतिले समाज, जनता, राज्यका बारेमा कसरी सोच्छ, ती क्षेत्रहरू त्यसरी नै अगाडि बढ्छन् । पुँजीवादले आजसम्म श्रमिकवर्ग र आमजनताका पक्षमा जनवादी र वैज्ञानिक तरिकाले राज्य सञ्चालन गरेको छैन; जसले गर्दा पुँजीवादभित्र जनताको जीवन जहिले पनि शोषित, दमित र उत्पीडित हुने गरेको छ । पुँजीवादले जनतामा लादेका राजनीतिक खराबीहरू निम्न रहेका छन् :

(क) अधिनायकवादी
(ख) उत्पीडनकारी
(ग) फासिवादी
(घ) युद्धवादी
(ङ) अतिक्रमणकारी
(च) धर्मवादी
(छ) जातिवादी

(क) अधिनायकवादी

पुँजीवादी व्यवस्था अधिनायकवादी रहेको छ । राज्यसत्ताको विशेषताअनुरूप नै पुँजीवादले पुँजीपतिवर्गका पक्षमा श्रमिकवर्गमाथि अधिनायकत्व लादिरहेको छ । अधिकतम श्रमिकवर्गमाथि मुट्ठीभर पुँजीपतिवर्गको अधिनायकत्व लादेकाले यसको अधिनायकत्व तानाशाही र निरङ्कुश विशेषताको छ । यसले तर्कमा लोकतन्त्र, प्रजातन्त्र र स्वतन्त्रताको वकालत गर्दछ । राज्यभित्र नागरिकहरूले आफूलाई लागेको बोल्न, लेख्न, सभा गर्न, विरोध गर्न पाइन्छ भन्छ । परन्तु यी सबै स्वतन्त्रता उसको राजनीतिक व्यवस्थालाई सघाउँदासम्म वा ठूलो असर नपार्दासम्म मात्र स्वीकार गर्छ । जब जनता पुँजीवादले गरेको उत्पीडन, अत्याचार, दमन र शोषणका विरुद्ध उत्रिन्छन् तब उसको स्वतन्त्रता र प्रजातन्त्र डन्डा, जेल, दमन र बन्दुकमा बदलिन्छ । प्रतिक्रियावादी अधिनायकत्वमा परिणत हुन्छ । उसको इच्छाअनुसार जनतालाई कीरा मारेजस्तो सजिलै नरसंहार गर्छ । आजसम्म पुँजीवादी दमनकै कारण करोडौँ नागरिकको ज्यान गइसकेको छ । विश्वमा दैनिक सयौँ र हजारौँ नागरिकको ज्यान गइरहेको छ, त्यो केबल पुँजीवादी स्वार्थकेन्द्रित युद्धकै कारणले गइरहेको छ । पुँजीवादको यो प्रतिक्रियावादी अधिनायकवादी चरित्र हो ।

**(ख) उत्पीडनकारी**

पुँजीवाद उत्पीडनकारी व्यवस्था हो । जनतामाथि विशेषतः श्रमिक जनतामाथि उत्पीडन गर्नु पुँजीवादको राजनीतिक खराबी हो । उत्पीडनकारी हुनु भनेको सही र गलत, न्याय र अन्याय, ठीक र बेठीकभन्दा पनि शक्ति र सत्ताको बलमा नागरिकमाथि हैकम लाद्नु हो । जुन व्यक्ति, वर्ग वा संस्था सत्ता र शक्तिमा छ, उसैको स्वार्थ र हितअनुरूप जनतालाई शासन गर्नु हो । पुँजीवादले लामो समयदेखि विश्वका अधिकांश देशहरूमा यो उत्पीडन गर्दै आएको छ । पुँजीवाद भएको देशमा मुठीभर मान्छेहरू अकूत सम्पत्तिका मालिक छन् र राज्यसत्ता सञ्चालनका मालिकहरू छन् । उनीहरूले कहिले चुनावको हावा बगाउँछन्, कहिले प्रजातन्त्र र लोकतन्त्रको बाढी बगाउँछन्, कहिले समावेशी र समानुपातिकको हल्ला पनि फैलाउँछन् तर राज्य र राजनीतिक नेतृत्वमा उत्पीडक पुँजीपतिवर्गको नेतृत्व र अधिनायकत्वलाई कहिल्यै पनि गुमाउँदैनन् । कुनै कारणले सत्ताको नेतृत्व आफ्नो वर्गको हातबाट गुम्न थाल्यो भने जुनसुकै दमन र नरसंहार गर्न पनि अगाडि आइपुग्छन् । देशमा जहिले पनि बहुसङ्ख्यक नागरिक अभाव, गरिबी र गएगुज्रेको जीवन बाँच्न बाध्य छन् । श्रमिकलाई मालिकहरूका लागि काम गर्नकै लागि जन्मेको ठान्नु र गोरु जोतेजसरी जोतेर आफ्नो झोला भर्नु यसको विशेषता हो । उत्पीडक पुँजीवादले लोककल्याणकारी र उदार व्यवस्थाको प्रचार गर्नु केवल जनतालाई मूर्ख बनाउने पाखण्ड मात्र हो ।

**(ग) फासिवादी**

फासिवाद भनेको पुँजीपतिवर्ग स्वार्थका लागि जनतामाथि जुनसुकै खालको दमन गर्न तयार हुने प्रवृत्ति हो । पुँजीवादी व्यवस्थाको यो एउटा राजनीतिक विचारको खराबी हो । यसले पुँजीवादी सत्ताको बलमा पुँजीवादीवर्गको स्वार्थअनुरूप राजनीतिक, आर्थिक, सैनिक क्षेत्रका कानुन र नीतिनियमहरू निर्माण गर्छ । सत्तासीन-वर्गलाई आवश्यक पर्ने सबै निर्णयहरू लिन्छ । नागरिकहरूले विरोध गरे भने जनतामाथि निर्ममतापूर्वक सम्पूर्ण रूपले दमन गर्छ । यसको प्रयोग मुख्य रूपले दोस्रो विश्वयुद्धको समयमा इटालीका शासक मुसोलिनीले गरेका थिए । पछि

बाँकी पृष्ठ ७ मा

# मानवअधिकारको अवस्था राम्रो छैन




तस्बिर : भीमप्रसाद चापागाईं

*(राष्ट्रिय मानवअधिकार आयोगका सदस्य **सुदीप पाठक**सँग रातो खबरका **गुणराज लोहनी**ले लिनुभएको अन्तर्वार्ताको मुख्य अंश)*

» ***तपाईं मानवअधिकार आयोगमा बसेर काम गर्दा देशमा मानवअधिकारको पछिल्लो अवस्था कस्तो देखिराख्नुभएको छ ?***

हामीले नेपाली जनतालाई वा मानवअधिकारसँग सरोकार राख्ने सबैका लागि बारम्बार सचेत गरिरहनुपर्ने, जानकारी गराउनुपर्ने, छलफल गरिरहनुपर्ने विषयभित्र पर्छ किनकि मानवअधिकार उन्मुख समाज बनाउने मानवअधिकारसम्मत समाज बनाउने र सबै क्षेत्रमा भएका विभेद, अन्याय र अप्ठ्याराहरू, दैनिक जीवनसँग जोडिएको हुन्छ। जनताका गाँस, बास, शिक्षा, स्वास्थ्यका समस्यालाई चाँडोभन्दा चाँडो समाधान हुनुपर्छ भन्ने मानवअधिकारको अन्तर ष्ट्रिय सिद्धान्त छ।

पछिल्लो चरणमा भनौं, यो २०७४/७५ को सेरोफेरोमा देशको मानवअधिकारको अवस्था के छ भने अहिले पनि नेपालको मानवअधिकारको अवस्थामा सुधार आइसकेको भन्न नसकिने अवस्था छ। त्यो धेरै कारणले छ : पहिलो कारणतिर जाऊँ, त्यो पहिलो कारण भनेको जनताको जीवनसँग सम्बन्धित विषय पर्छ । अहिले पनि मुलुकमा स्वास्थ्य सेवा नपाएर जसलाई हामी सिटामोल, जीवनजल भन्छौं, ती कुराको अभावमा मानिसको जीवन समाप्त भइरहेको छ । सुत्केरी हुनुपर्ने सुत्केरी गराउनुको निमित्त बन्नुपर्ने जुन वातावरण हो स्वास्थ्यको हेल्थपोस्ट वा अस्पतालमा त्यस्तो वातावरण हामीले निर्माण गर्न नसकेर वा डाक्टरसाबहरू नभएर भनौं सुत्केरीले आफ्नो जीवन गुमाउनुपरेका रिपोर्टहरू आइरहेका छन् । आमजनतालाई स्वास्थ्य अप्ठ्यारो भएको छ।

जहाँ राज्यको असाध्यै ठूलो लगानी छ र जहाँ नेपालको संविधानले जनताको स्वास्थ्यलाई मानवअधिकारभित्र पारेको छ । शिक्षाको कुरा गरौं शिक्षा सबैका लागि र समान हैसियतमा हुनुपर्छ भन्ने हाम्रो सोचाइ हो र नेपालको संविधानमा पनि शिक्षालाई अनिवार्य तथा आमजनताको पहुँचमा पुऱ्याउने राज्यको दायित्व बनेको छ । त्यो पनि अहिले सम्पूर्णताको निमित्त भइसकेको अवस्था छैन । धेरैखाले विकृत्ति छन् । यसभित्र धेरैखाले असामान्य छ। त्यस्तै रोजगारीको कुरा सम्पत्तिमाथि अथवा हरकुराहरू, विकासका कुरा आमजनताको समक्ष विकास पुऱ्याउने कुरा अप्ठ्यारोमा छन् । अर्को तर्क व्यक्तिको अधिकारको कुरा गर्छौं मानिसलाई स्वतन्त्र रूपमा अभिव्यक्ति दिन पाउने शान्तिपूर्वक रूपले भेला हुने, जुलुस निकाल्ने, विरोधहरू गर्ने यी सबै जुन हाम्रा अधिकार छन् त्यो अधिकारलाई पनि निर्वाध रूपमा र भयमुक्त रूपमा प्रयोग हुन नसकिरहेको भन्ने धेरै तथ्य र प्रमाणहरूले प्रमाणित गरेका छन् । देशमा भएका धेरै जुलुसहरू जहाँ प्रहरीद्वारा गरिएको अत्यधिक बल प्रयोग हामी अत्यधिक बल प्रयोग भन्छौं र हस्तक्षेप भन्ने पनि चलन छ । ती प्रमाणहरू र घटनाहरूले देखाएको छ।

अर्कोतर्फ हेरौं, व्यक्तिचाहिँ निर्भीकताका साथ हिँडडुल गर्न पाउँछ र उसलाई लागेका कुराहरू भन्न पाउँछ। अब यो बीचमा देशमा धेरैपटक गिरफ्तारीको कुरा पनि आएको छ । व्यक्तिको अधिकार हनन भयो भनेर सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट परेका घटना पनि आएका छन् । सर्वोच्च र त्यो रिट जारी गरेको व्यक्तिलाई रिहा हुनासाथ पुनः गिरफ्तार भएका छन् । धेरै पहिला विराटनगरमा यी घटनाहरू आएका थिए । आयोगले त्यहाँ पनि अनुगमन गरेको थियो । अब पछिल्लो चरणमा सर्वोच्चमा प्रकाण्डजीका विषयमा आएको थियो, त्यसमा पनि आयोगले अनुगमन गरेको थियो । हामी पुगेका थियौं ।

यी सबै विषय हेर्दाखेरि सर्वोच्च अदालतले व्यक्तिको स्वतन्त्रतालाई असाध्य महत्व दिएर अर्थात् राज्यले पक्रनुपर्ने आधार र कारण जे विषयमा पक्रिएको भन्ने भनाइ राज्यको आयो रिट जारी भएको मैले पढेँ । त्यो कारण सर्वोच्चलाई स्वीकार्य भएन र उहाँलाई रिहा गरियो । रिहाइको अर्थ त भयमुक्त भएर स्वतन्त्रतापूर्वक हिँडडुल गर्ने आफ्नो घर-अफिस जाने, पेसा गर्न जाने हो नि त, त्यो रिहाइको अर्थ त फेरि अर्को प्रपञ्च गरेर, अर्को उजुरी देखाएर फेरि व्यक्तिलाई नियन्त्रणमा लिने होइन होला नि !

यसमा आयोगको दृष्टिकोण के हुने ? पहिलो त अदालतमा प्रहरीको प्रवेश थियो । त्यो दिन म जाँदा ४०/५० जना प्रहरी थिए । दुईवटा भ्यान थिए भित्र । बाहिर ५/७ वटा भ्यान थिए भने दुईतीन सय प्रहरी बाहिर थिए । यत्रो ठूलो सङ्ख्यामा प्रहरी बाहिर बस्नु अनि प्रहरी भित्र प्रवेश गर्नु ! प्रहरी त अदालतभित्र प्रवेश गर्न पाउँदैन नि ! स्वतन्त्र, सम्मानित सर्वोच्च अदालतका ती कुराहरू हामीले यहाँ उठायौं । एक-डेढ घन्टा लाग्यो । प्रहरीलाई बाहिर पठाउनुभयो । पछिल्लो समय सन् २००८ देखि संयुक्त राष्ट्रसङ्घले जब पारित गरे त्यस बेलादेखि एउटा मान्यता के छ भने सरकार नै मानवअधिकारको रक्षक हो भन्ने मान्यता छ तर हामीकहाँचाहिँ पछिल्लो चरणमा सरकारका अङ्गहरूले जुन कार्य गर्दैछन् सरकारले जस्ता दृष्टिकोणहरू बाहिर ल्याइरहेका छन् जुन भाषाहरू प्रयोग भइरछ । यसले चाहिँ मानवअधिकारको अवस्था सुध्रिनुभन्दा यो अवस्थाचाहिँ बिस्तारै कमजोर भाषा प्रयोग गर्दा बिग्रिनेतर्फ भन्ने चिन्ता लाग्छ मलाई ।

» ***अहिले मूलतः यो नयाँ सरकार बनिसकेपछि केपी ओलीको सरकार बनेदेखि दिनदिनै यस्तो महिला बलात्कारका समाचारहरू सुनिन्छ । महिला बलात्कार, हत्या, बच्चा र बालबालिकाको सामूहिक बलात्कारपछि हत्याजस्ता घटना दिनदिनै मिडियाहरूमा आइरहेका छन् । यसलाई तपाईंहरूले कसरी अनुगमन गरिराख्नुभएको छ ?***

असाध्यै राम्रो कुरा । सामसामयिक महत्वपूर्ण विषय उठाउनुभयो । यसमा राष्ट्रिय मानवअधिकारको गम्भीर ध्यानाकर्षण भइसकेको छ । हामीले देशमा महिलामाथि भएका विभेद, हिंसा, बलात्कार, हत्या यी सबै विषयमा आएका ७ वटा प्रदेश र अन्य शाखा कार्यालयहरू छन् । त्यहाँ अनुगमन र अनुसन्धान गरिरहेका छौं । केन्द्रीय कार्यालयबाट विशेष आवश्यकताअनुसार पठाएका छौं । अहिले पछिल्लोपटक कञ्चनपुरको घटना आयो । त्यो घटनामा पनि हामीले क्रियाशील रूपमा अनुगमन गरेका छौं । नजिकमा छौं । हाम्रो क्षेत्रीय कार्यालयले हेरिरहेको छ । केन्द्रीय कार्यालयबाट हामी नियमित सम्पर्कमा छौं । हामी त्यहाँको प्रहरी प्रशासनलाई यहाँबाट सोध्ने गर्छौं- कहाँ पुग्यो अनुसन्धान भनेर । अनुसन्धानपछि २/३ दिनयता जुन विषय आयो व्यक्ति पक्राउ गरेको । त्यो के हो, फेरि विरोध भएको छ ।

अहिले आयोगको बैठकमा हामीले १ वर्षपहिला नेपालको मानवअधिकारको प्राथमिकता के हो ? प्रमुख विषय के हो ? भन्ने छलफल गरेका थियौं । त्यसमा हामीले ५ वटा विषय छानेका थियौं । गत वर्षको अनुसन्धानले के देखाएको छ भने महिलामाथि हुने हिंसा नै मानवअधिकारको पहिलो प्राथमिकता हो । त्यो आधारमा राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई गम्भीर ध्यानाकर्षण गराएको प्रेस वक्तव्य जारी भएको छ । यसभन्दा पहिले पनि भएको थियो ।

यसमा आयोगले गम्भीर सरोकार राख्ने भनेको हामीले केके गर्नुपर्छ, यसमा एउटा हाम्रो अनुगमन र अनुसन्धान हो । दोस्रो भनेको चाहिँ महिला हिंसामा, महिला बलत्कार र हत्यामा सरकारले यसलाई रोकथामका उपायहरू केके हुन्, अपनाउनुपर्छ । यसमा हामीलाई जानकारी गराउनुपर्छ । सबै बलात्कार र हत्यामा सशक्त अनुसन्धान कसरी भइरहेको छ ? अनुसन्धानमाथि प्रश्न उठेको कारणले हाम्रो सम्बन्धित अङ्ग प्रहरीले सशक्त अनुसन्धान कसरी गरिरहेको छ ? यी दुईवटा विषयलाई लिएर सरकारलाई चाहिँ छलफलका लागि बोलाएका छौं र निर्णय भएको छ । सरकारको अङ्ग भनेको माननीय गृहमन्त्रीजी, सचिव, प्रहरी प्रमुख आउनुहुनेछ । आयोग र हामी बसेर कुरा गर्छौं । यो विषयमा यो व्यापक प्रश्न हो । यो किन हुन्छ ? यसका कारण केके हुन् ? रोकथामको पूर्वतयारी के गर्नुपर्छ ? सरकारको इफेक्टिक अनुसन्धान भनेको दोषी पत्ता लगाउनु र उसलाई कानुनी प्रक्रियामा ढाल्ने काम कसरी हुनुपर्छ भन्ने यो पाटोसँग जोडिन्छ । केही साता अगाडि हामीले अपराधशास्त्रका केही व्यक्तिहरू र मनोविज्ञानकर्ता मानिसहरू बोलाएका थियौं । उहाँहरूसँग एक चरणको छलफल गरिसकेका छौं । यसबाट धेरै कुरा उठेका छन् । समाजमा यो घटना किन बढ्दो छ, यसका कारण धेरै छन् ।

एउटा कारण भनेको समाजको अहिलेको अवस्था हो । दोस्रो कारण कानुनी दण्डहीनता बढ्नु हो । तेस्रो प्रभावकारी अनुसन्धान हुन नसक्नु हो । चौथो, पश्चिमी प्रभाव हो । पाँचौं, फेसबुक आईटीको कुरा हो । उहाँहरूले उठाउनु भएको हो-होइन यो विज्ञहरूको भनाइ हो । मैले भनेको होइन । यसमा कति धेरै भने १०/१२ वटा कारण छन् । यो भोजनको कारणले होला अनि डाक्टरसाबहरूले भन्नुमा हार्मोन विकसित भइरहेको हुन्छ । यो हार्मोनको कारणले हो । यी सबै कारण भइआएको छ । तर ह्वात्त किन बढ्यो ? चाँडै नै दोषी छुट्न थालेको कारबाहीको प्रक्रिया नचालिनु रहेको छ ।

» ***२०६३ सालदेखि अहिलेसम्म आउँदा नेपालमा नेपाली जनताको पहुँच घट्दै गइरहेको शिक्षा र स्वास्थ्य क्षेत्र राज्यको दायित्वभित्र पछि । गाँस, बास, कपास, शिक्षा र रोजगारी राज्यले पूर्ण सुनिश्चित गर्नुपर्ने हो, त्यस्तो छैन नि ?***

यी मान्छेको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय हुन् । नेपालको सन्दर्भमा २/३ वर्ष अगाडि यहाँका अस्पतालहरूको अवस्था के छ ? स्वास्थ्यको अवस्था के छ ? भनेर राष्ट्रिय मानवअधिकार आयोगले धनगढीदेखि विराटनगरसम्म मुख्य अस्पतालहरूको अनुगमन गरेको थियो । सरकारी अस्पतालको अनुगमन गर्दा हामीले प्राप्त गरेका कुराहरूमा असाध्यै धेरै फोहोर, अस्पतालभित्रको फोहोर अनि अस्पतालभित्रको फोहोरलाई व्यवस्थापन गर्न नसकेको बाहिर छरपस्ट फैलिएका कुराहरू, त्यसबाट हुनसक्ने सङ्क्रमण अस्पतालभित्रैका कुराहरू विशेष गरीकन त्यो ७१/७२ का औषधिहरू निःशुल्क दिनुपर्ने आम गरिब मान्छेहरूले पाउनुपर्छ । उसले पाउन नसकेको अवस्था, औषधि नै नभएको अवस्था जुन शङ्कामा स्वास्थ्यकर्मीहरू हुनुपर्ने हो अस्पतालमा त्यो सङ्ख्यामा हुन नसकेको अनि जसरी यो क्षेत्रीय अस्पतालहरूको अञ्चल अस्पतालहरूको पूर्वाधार हुनुपर्ने, त्यो सामान (इक्विपमेन्ट) अप्रेसन थिएटर अथवा सिटीस्क्यानहरू अथवा अल्ट्रासाउन्डहरू जे हुनुपर्ने टेक्नोलोजीका कुराहरूमा पूरा अभाव भनेको बेथिति थियो । अहिले पनि नेपालका अस्पतालहरू सरकारी अस्पतालको अवस्था त्योभन्दा झनै खराब छ ।

तर सरकारले जुन ढङ्गले अस्पताललाई सञ्चालन गर्नुपर्थ्यो त्यो सञ्चालन छैन, पूरै बेथिति छ । कसको कारणले छ ? लापर्बाही भन्न सकिन्छ । अस्पतालप्रति कसको कारणले लापरबाही भइरहेछ ? यो एउटा ठूलो गम्भीर अनुसन्धान र छानबिनको उजुरीको अनुगमनको हेर्नुपर्ने विषय छ । त्यति मात्र होइन, आज जनता स्वास्थ्य सेवा पाउनुपर्ने अधिकारबाट वञ्चित छन् । औषधि आमजनतासमक्ष पुगिराखेको छैन । यसरी हेर्दाखेरि नेपालको स्वास्थ्य क्षेत्र अहिले पनि ठूलो प्रश्न उब्जिएको छ कि कसले स्वास्थ्य उपचार पाउँछन्, कसले पाउँदैनन् र राज्यको दायित्व यसमा चुकेको हो कि ? त्यस्तो अवस्थामा दोषी को ? कुन कारबाही हुने ? पहिला अनुसन्धान हुनुपर्‍यो । अनुगमन हुनुपर्‍यो अनि कारबाही हुने र त्यो मलाई, मन्त्रीलाई, सचिव र डाक्टरलाई पनि हुनसक्ला । अहिले पनि आवश्यक छ भन्ने मलाई लाग्छ । सबै मिलेर स्वास्थ्य क्षेत्रमा सुधार गर्नुपर्छ । स्वास्थ्य क्षेत्रमा पनि विभेद छ । जुन ढङ्गले सुधार हुनुपर्थ्यो आजको अवस्थासम्म आइपुग्दा त्यो ढङ्गले सुधार भएको छैन ।

» ***पछिल्लो चरणमा महिला हिंसाविरुद्ध राजनीतिक पार्टीहरूले आफ्नो एजेन्डा राखेर सङ्घर्ष गरिरहँदा राज्यले प्रहरी बल प्रयोग गरिरहेको देखिन्छ । हिजो राज्य सञ्चालकले जसरी गरिरहेको थियो त्यस्तै खालको परिवेश अहिले पनि चलिराखेको छ ?***

मानवअधिकारको दृष्टिले हेर्नुपर्दा त्यो बल प्रयोगको सिद्धान्त प्रहरी प्रशासनले अपनायो कि अपनाएन, अत्यधिक बल प्रयोग गर्न आवश्यक थियो कि थिएन ? महिलाहरूको जुलुसमा अत्यधिक बल प्रयोगको आवश्यकता थियो कि थिएन ? त्यो सिद्धान्तअन्तर्गत हामी हेर्छौं । २० जना महिलाको समूहलाई २०० जना पुलिसले लाठीचार्ज गर्नुपर्ने आवश्यकता त हुँदैन । त्यसकारण केही मेकानिज्महरू अपनायो कि अपनाएन भन्ने कुरा हेर्छौं । दोस्रो कुरा यो किन भैरहेको छ भन्ने कुराचाहिँ अहम् प्रश्न छ । अब लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्ष, सङ्घीयता, समानुतिक निर्वाचनप्रणाली यस्ता धेरै कुरा हामीले मुलुकमा प्राप्त गरेका छौं । अब बदलिएको राज्यमा संयन्त्र कस्तो हुने, राज्यका संयन्त्रहरू विशेषगरी सुरक्षा निकायहरू बदलिएको अनुभूति नागरिकले कसरी पाउने ? मेरो आग्रह के भने बदलिएको भन्ने तर पुरानै अनुभूति हुने हो भने राज्यको संस्कार र क्रियाकलाप बदलिएको देखिँदैन । अहिले देशमा जुन प्रकारको विषय उठाएर पछिल्लो चरणमा विशेषगरी महिला हिंसा, बलात्कार र हत्याका विरुद्धमा आवाज उठिरहेको छ, दुईवटा कुरा महत्वपूर्ण छन् : पहिलो कुरा सरकारको विरोध हुन्छ अथवा लोकतन्त्रमा सरकारको विरोध हुन्छ, गर्न पाइन्छ । सरकार सञ्चालक प्रधानमन्त्री वा गृहमन्त्रीको विरोध गर्न पाइन्न भन्ने सोचाइ छ भने त्यो गलत हो । मानवअधिकार उल्लङ्घन गर्नुभयो भने त्यो विरोध म पनि गर्नसक्छु । पहिलो कुरा उहाँहरूले बुझ्नुपर्‍यो सरकारको कामप्रति असन्तुष्टि भएमा विरोध हुन्छ । विरोध किन भयो भनेर उहाँहरूले विश्लेषण गर्ने र विरोध हुन नदिने वातावरण सिर्जना गर्ने हो । विरोध गर्नेलाई लाठी चार्ज गर्ने, धरपकड गर्ने, मुद्दा लगाउने, पक्राउ गर्ने, त्यो डर उत्पन्न गर्ने जुन कार्य राज्यबाट भइरहेको छ त्यो डर उत्पन्न गराउन गरिएको कार्य गलत छ । मैले बारम्बार भन्दै आएको छु, जनताले बोल्ने हो । सरकारले सुन्ने र काम गर्ने हो ।

पछिल्लो चरणमा ४/५ वटा कुरा महत्वपूर्ण छन् : एउटा कुरा शान्तिपूर्ण गरिने जुलुसमाथि प्रहरीको बल प्रयोग हुन्छ । त्यो आवश्यक थिएन । त्यो मण्डलामा होस् वा महेन्द्रनगरमा किन नहोस् त्यो विषयमा सरकारको ध्यानाकर्षण हुन आवश्यक छ । दोस्रो कुरा सरकारले धरपकड भन्छ नि, हामी पक्राउ भन्छौं । हामी विराटनगरमा पनि हेरिरहेका थियौं । त्योभन्दा अगाडि काठमाडौंमा पनि विप्लवजीसँग नजिक रहेका ११/१२ जना मानिस हुनुहुन्थ्यो, उहाँहरूमाथि मुद्दा लगाइएको छ । बालाजुको गिरफ्तारी, पदम राईको गिरफ्तारी, पछिल्लोपटक प्रकाण्डजीको गिरफ्तारी । एउटा मानिसलाई हेटौँडाबाट आउने क्रममा पक्राउ गरिन्छ जसलाई आँखामा पट्टी लगाएर सोधपुछ गरिन्छ। सर्वोच्च अदालतले रिहा गरेपछि सरकारको दायित्व के हुन्थ्यो भने अदालतको सम्मान गर्नतर्फ सरकार लाग्नुपर्थ्यो । सरकार त एकपछि अर्को मुद्दाको तयारी गरेर पक्राउ गर्ने तयारीमा बसेको देखिन्छ । यस्ता प्रकारका कार्यले गर्दा सरकारमाथि प्रश्न उठ्छ, अविश्वास उत्पन्न हुन्छ र जनता आफ्नो मानवअधिकारको रक्षा नभएको वा असुरक्षित भएको महसुस गर्न थाल्छन् ।

प्रेसमाथि गरिएको जुन अहिलेको व्यवहार छ अदालतभित्र प्रवेशका कुराहरू छन् मुलुकमा एकप्रकारको भय उत्पन्न गर्ने कोसिस हो । समाजमा एकखालको त्रास पैदा भयो भने सरकारका गल्तीहरू मिडियाले पनि नलेखोस् र जनताले पनि नबोलून् मानवअधिकारवादी पनि त्रसित होऊन् । बिस्तारैबिस्तारै म नै शासक, म नै कर्ता, म नै न्यायाधीश, मैले जे गरे पनि मान्नुपर्छ भन्ने सोचाइ बढ्ने हो कि भन्ने डर लागेको छ ।

» ***यहाँहरूले जनयुद्ध पनि नजिकबाट नियाल्नुभयो । मानवअधिकारको कुरा हेर्नुभयो होला । अस्ति गज्जबको दृश्य सर्वोच्च अदालतबाट कुनै मिडियाले प्रत्यक्ष प्रसारण गरे । यहाँ गाडीभित्र हुनुहुन्थ्यो, नेकपाका प्रवक्ता हुनुहन्छ, पूर्वमन्त्री पनि हो, उहाँमाथि कस्तो व्यवहार गरियो । मूलतः नेकपा जसको नेतृत्व विप्लवले गरिरहनुभएको छ, लगभग एक वर्षदेखि उहाँहरूलाई कुनै पनि गतिविधि गर्न दिइएको छैन । विगत र अहिलेको सत्तामा के भिन्नता रह्यो ?***

तपाईंले भन्नुभएजस्तै दुईवटा कुरा प्रस्ट गर्छु : राष्ट्रिय मानवअधिकार आयोग संवैधानिक अङ्ग हो । कानुनी रूपमा हाम्रा नियम, नियमावली, ऐनअनुसार हामी काम गर्छौं । संवैधानिक कानुनी हैसियत संवैधानिक परिषद्ले गर्छ र बनिसकेपछि यो स्वतन्त्र हुन्छ। हामीले चराचुरुङ्गीहरू, जनावरहरूको देख्छौं नि जन्माइदिएपछि फुत्त भागिहाल्ने त्यस्तै नबनाउन्जेल । राज्यसंयन्त्र त्यस्तै हो । बनेपछि अलग, यसको निष्पक्ष स्वतन्त्रता र स्वायत्तता हुन्छ । राज्यको प्रभाव हुँदैन । १९८९/९० तिर बनेको पेरिस प्रिन्सिपल सिद्धान्तबाट गाइडेड हुन्छ। राज्यले मानवअधिकार उल्लङ्घन गर्नसक्छ।

उल्लङ्घन भएको देख्यौं । हामीले सिफारिस गरेको प्रधानमन्त्री कार्यालयले कार्यान्वयन गर्नुपर्ने हो । निरङ्कुशताको कुरा स्वीकार गरिँदैन, विभेद मानिँदैन । असमान व्यवहार गर्ने हकअधिकार हैसियत राज्यलाई छैन । राज्य नभनौं सरकारलाई आफ्ना नागरिक, आफ्ना मान्छेहरूप्रति विभेद गर्ने, व्यवहार गर्ने प्रतिबन्ध लगाउने अधिकार छैन । विप्लवजी र उहाँका कार्यकर्तामाथि हिंसा होस् वा बलात्कार र हत्याका विषयालाई हुन वा अहिले समाजमा भएको त्यो उपभोक्ताको विषय होस् । रोजगारमा गएका यी हाम्रा झन्डै २५ लाख अरब तथा मलेसिया अर्को २५-३० लाख भारतमा गरी करिब ७० लाख नेपाली युवकयुवती विदेश गएका छन् । यी सबैलाई राज्यले अधिकार दिनुपर्छ । यी सबै कुराहरूमा पछिल्लो चरणमा व्यापक परिवर्तन र सोचाइ आउनुपर्‍यो । अहिले देशमा जुन प्रकारले मानिसलाई पक्राउ गर्ने, उसलाई लामो समय त्यो पटक्कै गर्न मिल्दैन । त्यसैले आजको सरकार, आजको सत्ता सम्बन्ध बढी लोकतान्त्रिक र मानवअधिकार भएको हामी हेर्न चाहन्छौं तर त्यो हुन सकिरहेको छैन ।

# राजनीतिक नेतृत्व र निजामती सेवा



रामबहादुर रावल

१५ औं निजामती सेवा दिवस मनाइरहँदा सरकारी सेवाको क्रममा विभिन्न कोपभाजनमा परी सहिद हुने काजी भीम मल्ल, सुब्बा कृष्णलाल अधिकारी, (मकैको खेतीका लेखक) सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, निजामती सेवा, अन्य सार्वजनिक प्रशासनको सरकारी सेवा र नेपालको मुक्तिगामी आन्दोलनमा मृत्युवरण गर्ने सहिदहरूमा भावपूर्ण श्रद्धाञ्जली एवम् ती दिवंगतका परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछु।

हाम्रो दक्षिणतिरको देश भारत 'मेड इन इन्डिया' को नारा लिएर अगाडि बढिरहेको छ। उत्तरतिरको छिमेकी देश 'चीन महान् र चिनियाँ जाति महान्' नाराका साथ विश्वशक्ति रङगमञ्चमा उद्घोष गर्दैछ। सुपर पावरमा नम्बर वान मानिँदै आएको अमेरिकामा ४५ औं राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्प "The First American" नाराका साथ राष्ट्रपतिका रूपमा निर्वाचित भएका छन्। यी राष्ट्रहरू विकसित र शक्तिशाली हुनुमा त्यहाँको प्रशासन संयन्त्र निजामती सेवा चुस्तदुरुस्त, स्फूर्त र सुदृढ भएको कारणले हो।

नेपालमा निजामती सेवा वा अन्य सार्वजनिक प्रशासनका सेवाहरूमा प्रवेश गरी विभिन्न पदमा बहाल रहेका अन्य राष्ट्रसेवकहरू सेवा प्रवेश गर्दा संसार जितेको अनुभूति हुन्छ। उनीहरूमा संसार जित्न सकिने विश्वास पलाएको हुन्छ। जब सेवा अवधिका दिन, साता, महिना, बर्ष बित्दै जान्छन् ती राष्ट्रसेवकहरू निराश हुँदै आफैं मानसिक तनावमा अल्झिन थाल्छन्। त्यस्ताको सङ्ख्या दिन दुई गुना, रात चौगुना बढिरहेको छ। खान, बस्न, लगाउन, स्वास्थ्य उपचारको व्यवस्था गर्न मानसिक, सामाजिक, आर्थिक र राजनीतिक तनावमा विक्षिप्त जनशक्तिले राज्यको विकास बजेट खर्च गर्न र सार्वजनिक सेवा प्रवाह गर्न नसकिरहेको अवस्था सबैका सामु छर्लङ्ग छ।

प्रत्येक राजनीतिक परिवर्तनपछि हामीकहाँ कागजी घोडाका प्रतिबद्धताहरू २००८ सालको पब्लिक सर्भिस कमिसनदेखि प्रशासन सुधार प्रतिवेदन २०७० सम्मका प्रतिबद्धताहरू छन्। व्यवहारमा ठूलो विभेद देखिन्छ। भनसुन र मनसुनलाई अँगाल्न सक्नेहरूको मात्र वर्चश्व देखिन्छ। ऐननियममा तोकिएका व्यवस्थाहरू दोहोरो अर्थ लाग्ने भएकाले (एनी हाउ कमाउ) जसरी भए पनि कमाउनुपर्छ भन्ने मानसिकता बोकेका राजनीतिकर्मी, निर्माण व्यवसायी, उद्योगी, व्यापारी, निजामती प्रशासनभित्रका विकृत सोचाइ बोकेका उच्च प्रशासनिक नेतृत्व र ट्रेड युनियनका नेतृत्व सबैबाट सेवाकर्मीहरू पीडित भएको पाइन्छ। भर्खर सेवामा प्रवेश गरेका निजामती सेवाकर्मीहरू आफूभन्दा अग्रज निजामती सेवाकर्मीहरू निम्नकुरामा लिप्त भएको पाइन्छ। ऊ पनि त्यसैको पछाडि लाग्न बाध्य हुन्छ। वर्तमान अवस्थामा निजामती सेवाकर्मीहरूको ध्यान सेवा प्रवाह र समुन्नत राष्ट्र निर्माणभन्दा आत्मकेन्द्रित निम्नप्रवृत्तिहरूमा अल्मलिरहनुपर्ने बाध्यता देखिन्छ :

१. कमाउका मानिने आकर्षक कार्यालय र फाँटमा पुग्न गरिने दौडधूप।
२. बिल मिलाउन लाइन मिलाउनमा गरिने कसरत।
३. अनुगमन मूल्याङ्कनका नाममा दैनिक भ्रमण भत्ता प्राप्त गर्न गर्नुपर्ने चाकडी।
४. वैदेशिक भ्रमणका लागि गर्नुपर्ने चलखेल।
५. अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्न गरिने तिकडम।
६. माथिल्लो पदको परीक्षा तयारीका लागि काठमाडौंमा बस्न ऐननियम उल्लङ्घन गर्न राजनीतिक दलका नेता, उच्च प्रशासकको ढोका, ट्रेड युनियनका अखडाहरू धाउनुपर्ने बाध्यता।
७. बढुवामा पदोन्नति र अवकाशपछिको जीवनका लागि नगदनारायणको व्यवस्था गर्न मरिहत्ते गर्ने प्रवृत्ति।
८. हा.टा. गरी परीक्षा तयारी, आर्थिकका लागि कलेज पढाउन र सेयर बजारमा जानेको लर्को।

उल्लिखित प्रवृत्तिहरूलाई निराकरण गर्न निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन समयको माग र राजनीतिक परिवर्तनको चाहनाअनुसार समयसापेक्ष बनाउन निम्नआयोगहरू बनाएको पाइन्छ :

१. २००८ सालको पब्लिक सर्भिस कमिसन
२. प्रशासकीय पुनर्गठन समिति २००९
३. प्रशासकीय पुनर्गठन योजना आयोग २०१३
४. प्रशासकीय सुधार आयोग २०२५
५. प्रशासकीय सुधार आयोग २०३२
६. प्रशासकीय सुधार आयोग २०४८
७. प्रशासन सुधार प्रतिवेदन २०७०

हालसम्मका प्रशासन सुधारका लागि बनाइएका आयोगहरूले समग्र विषयमा समयको मागअनुसार थुप्रै सुझावहरूको दिएको पाइन्छ। तर पनि निम्न विषयका सुझावहरूमा समानता देखिन्छ। साथै कार्यान्वयन पनि नहुने समान अवस्था छ :

क) राष्ट्रसेवकहरू राजनीतिमा संलग्न हुनु

ख) मन्त्रालय, कार्यालय र कर्मचारी सङ्ख्या आवश्यकताभन्दा बढी हुनु

ग) राष्ट्रसेवकहरू जनतामुखी नहुनु

घ) ऐननियमहरूलाई समयसापेक्ष र जनतामुखी नबनाउनु

ङ) कार्य संस्कारमा सुधार नहुनु

च) जीवन निर्वाह गर्न पुग्ने तलबभत्ता नहुनु

क) नेपालको राजनीतिक वा प्रशासनिक इतिहास हेर्दा जङ्गबहादुर राणाले तत्कालीन अवस्थामा दरबारभित्र राजसिंहासनमा विराजमान हुन गरिने हर्कत, भारदारहरूबीच एकआपसमा लडाउन (भारत अधीनस्थ गरिराखेको इस्ट इन्डिया ब्रिटिस कम्पनी सरकार) षड्यन्त्रको बीचबाट सेनाको सामान्य कप्तान जङ्गबहादुर राणाले १०३ वर्षको जहानिया राणा शासन सुरुआत गरेको देखिन्छ। राणा शासनकालमा जनताको दयनीय अवस्था देख्न नसकी तत्कालीन भन्सारका मीर सुब्बा कृष्णप्रसाद कोइरालाले जनताका फाटेका लुगाहरू राणा प्रधानमन्त्री जुद्धशमशेरकोमा पठाइदिएका थिए। तिनै सुब्बाका तीनवटा छोरा २००७ सालपछि प्रधानमन्त्री भएको ज्युँदो इतिहास छ। २००८ सालको पब्लिक सर्भिस कमिसनदेखि २०७० सालको प्रशासन सुधार प्रतिवेदनसम्म गठन गरिएका सबै आयोगहरूको मूल मर्म निजामती प्रशासनलाई राजनीतिबाट तटस्थ राख्ने सुझाव दिए पनि व्यवहारमा सबभन्दा बढी राजनीतीकरण भएका उदाहरणहरू प्रसस्त पाइन्छ।

१. वि.सं. २००७ देखि २०४६ सालसम्म पर्चा उठाएर अराष्ट्रिय तत्वको उपमा दिएर सेवाबाट हटाइएका राष्ट्रसेवकहरूको सूची सङ्कलन गर्ने हो भने सङ्ख्या हजारभन्दा बढी होला। तिनैमध्येका कति राजनीतिक दलका नेता एवम् वर्तमान मन्त्रिमण्डलका सदस्य होलान्।

२. २०४८ सालमा नेपाली काङ्ग्रेसले सुविधाजनक बहुमत प्राप्त गरेपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले हजारभन्दा बढी कर्मचारीलाई सेवाबाट अवकाश दिएर निजामती प्रशासनमा राजनीतिक हस्तक्षेप गरी काङ्ग्रेसीकरणको सुरुआत गरेका थिए।

३ २०४८ सालमा ने.क.पा ए.मा.ले.को भातृ सङ्गठनले समयसापेक्ष तलब भत्ता वृद्धिसहितका माग राखी आन्दोलन गर्दा आन्दोलन दबाउन काङ्ग्रेस समर्थकहरूले "आधा तलब खान्छौं, काम हामी गर्छौं" भनी प्रदर्शन गर्दा आम राष्ट्रसेवक नै एमाले समर्थक बन्न पुगेको ज्वलन्त उदाहरण छ।

४. व्यक्तिगत स्वार्थबिना राज्य पुनर्संरचनाका लागि ज्यानको बाजी लगाएर हतियारबद्ध आन्दोलन (जनयुद्ध) मा होमिएको पार्टी तत्कालीन ने.क.पा.( माओवादी) शान्तिप्रक्रियामा आएपछि उसको भातृ सङ्गठन राष्ट्रिय कर्मचारी सङ्गठनको नेतृत्वमा २०६४ सालमा टाइमबद्ध (ब्याज प्रणाली) बढुवालाई स्थापित गरेपछि निजामती सेवा र अन्य सार्वजनिक प्रशासनको सरकारी सेवाहरूमा समेत ३० औं वर्षसम्म एउटै पदमा काम गर्न बाध्य करिब (एक लाखभन्दा) राष्ट्रसेवकहरूको पदोन्नति भएको सुखद इतिहास छ।

५. सङ्घीयता कार्यान्वयन गर्न निजामती कर्मचारी समायोजन ऐन २०७४ मा गरिएको व्यवस्थाअनुसार पदस्थापना गरेको मितिले ३५ दिनभित्र हाजिर हुन नजाने राष्ट्रसेवकलाई जागिरबाट अवकाश दिने व्यवस्थाले 'सङ्घीयता कार्यान्वयन र राष्ट्रसेवकको सेवा मृत्युदण्डको घोषणा' जस्तो भएको छ। जनतालाई झूटका दिवास्वप्न बाँडेर निर्वाचित जनप्रतिनिधि बनेका ८२४९ समेत करिब ३०,००० राजनीतिकर्मीहरूले ५ लाख राष्ट्रसेवकहरू (जसले आफ्नो उर्वर समय राष्ट्रसेवामा समर्पित गरेका छन्) उनीहरू माथि विषबमन र खेलबाड गरिरहेका छन्।

६. प्रस्तावित सङ्घीय निजामती सेवा ऐन २०७५ को दफा ४ मा प्रस्तावित गरिएको ८ वटा सेवा मात्र राख्ने प्रस्तावले निजामती सेवा विशिष्टीकृत गर्दै लैजानुपर्नेमा सबैलाई प्रशासन सेवामा राखेर अर्थिक योजना तथा तथ्याङ्क, शिक्षा सेवा, विविध सेवाका महिला विकास, अर्थशास्त्री, आईटी, कम्प्युटर अपरेटर सेवामा काम गरेका विज्ञ जनशक्तिको अनुभव सङ्घीयता कर्यान्वयनमा लगाउनुपर्नेमा अन्यायपूर्वक प्रशासन सेवामा धकेल्दा बर्सौंदेखि निरन्तर काम गरिराखेका राष्ट्रसेवकहरूको बढुवामा असर पर्ने देखिन्छ। निजामती सेवा पदपूर्तिमा गरिएको व्यवस्थाअनुसार राजपत्र अनङ्कित प्रथम श्रेणीका कर्मचारीहरूको २५ वर्षसम्म पनि बढुवा नभई एउटै पदमा बसेर काम गर्नुपर्ने वा हा.टा. गरी परीक्षाको तयारी गर्नुपर्ने स्थिति हा.टा. गरी उच्च प्रशासक बनेका व्यक्तिहरूले सिर्जना गरेको अवस्था छ। प्रदेश र स्थानीय तहमा कर्मचारीहरू स्वेच्छाले जान नचाहेको र कर्मचारी सङ्ख्या नपुगिरहेको अवस्थामा भइराखेका कर्मचारीहरूलाई जागिर छोड्न दबाब परेको देखिन्छ। सरकारले समयमा नै ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

ख) आजको युग २१ औं शताब्दी सूचनाप्रविधिको युग हो। राज्यको अभिलेखप्रणाली र कार्य सञ्चालनप्रणाली कम्प्युटरीकृत हुनुपर्ने हो। राज्यको सार्वजनिक सेवा प्रवाहमा खट्ने जनशक्तिहरूलाई नवीनतम प्रविधिसँग अभ्यस्त बनाउन राज्यले पहल गरेको देखिँदैन। स्वतस्फूर्त आफ्नै प्रयासले केही राष्ट्रसेवकहरू सूचनाप्रविधि मैत्री बनेका छन्। राज्यले प्राथमिकताको साथ राष्ट्र सेकवकलाई सूचना प्रविधिले अभ्यस्त बनाउने सोच राखी कार्यन्वयनको चरणमा लैजाने हो भने कर्मचारी संख्या एवम संगठन सानो, छरितो, चुस्त, दुरुस्त र स्फूर्तका साथै कर्मचारी संख्या र कार्यालय संख्या कम गरी कर्मचारीको सेवा सुविधा बढाउन सकिने थियो।

ग) नेपालमा वि.सं २००७ सालभन्दा अगाडी निजामतीसेवा ऐन र नियमको आधारमा चलेको पाइदैन। शासन सञ्चालन प्रक्रिया नै हुकुमी भएकोले राणाकालदेखि पञ्चायतसम्म निजामती सेवा लाए, अह्राएको आदेश पालन गर्ने अंगका रपमा रहेको थियो। पर्चा खडा गरेर हटाउने, हायर एण्ड फायर जस्तो भर्ना र अवकाश गर्ने परिपाटी भएकोले सेवाग्राहीको काम जनमुखी जस्तो सुधारका कामहरू भएको पाइन्छ। वि.सं २०४६ को राजनीतिक परिर्वतन पछि निजामती सेवा जनमुखी होइन, राजनीतिक दलमुखी भएको अवस्था विधमान छाकर्मचारीहरू एक आपसमा निजामती प्रशासन भित्रै सेवामुखी हुन नसकिरहेको अवस्थामा कर्मचारीहरूलाई जनमुखी बनाउने बिषय सुन्दर योजनामा मात्र सिमित रहेको अवस्था देखिन्छ।

- घ) ऐन नियम बनाउने संशोधन गर्ने निकाय संसद बर्षमा १००दिन मात्र चल्छ। संसद चले पनि सभासदहरू(विधायकहरू) उपस्थित हुँदैनन। विधायकहरू कतिलाई कानुन ऐन नियम बन्ने प्रक्रिया थाहा हुँदैन। थाहा भए पनि दलिय ह्विप लाग्छ। विधायकहरू अन्तराष्ट्रिय, बहुराष्ट्रिय कम्पनीहरू, विश्व बैंक, एशियन बैंक, ध्त्इ जस्ताको सेमिनार गोष्ठी वैदेशिक भ्रमण पार्टीका आन्तरिक काममा व्यस्त हुन्छन्। एन.जि.ओ., आई.एन.जि.ओ.,जस्ता सञ्जाल ठेक्का पट्टा, निजी स्कूल, निजि कलेज, निजी अस्टपताल, कानुन व्यवसाय र आयात निर्यातको काममा अप्रत्यक्ष रूपमा संलग्न हुने भएकोले, विद्यमान वर्तमान कानून ऐन नियमहरू कमजोर भएकोले , समय सापेक्ष ऐन नियम बनाउन, जनताबाट निर्वाचित प्रतिनिधि विधायकहरू चाहँदैनन्। परिणामस्वरूप कानुन र ऐनहरूलाई समयसापेक्ष बनाउन सकिएको छैन।

- ङमुलको मुहान शुद्द भए, त्यसबाट निस्कने पानी शुद्द सफा हुन्छ। खोला बग्ने करिडोर (किनारा) सफा भए त्यहाँ फोहोर मिसिदैन। फोहोर नमिसिएमा पानी संक्रमित नभए जस्तै नीति बनाउने राजनीति शुद्द हुनुपर्छ। राजनीतिकर्मीहरू स्वतन्त्र हुनुपर्छ। राजनीतिकर्मीहरू वाहृय प्रभावबाट मुक्त हुनुपर्छ। राज्यसत्ता सञ्चालकहरूको कार्य संस्कार, स्पष्ट र निर्धारित हुनु पर्दछ। मन्त्री वा उसको दलको हुकुममा नचल्नु पर्ने भए, राष्ट्रसेवकको कार्य संस्कारमा अटोमेटीक सुधार हुन्छ। मन्त्रालयको सचिवले आवश्यक ऐन कानुनको निर्धारित मापदण्ड भन्दा पनि विभागीय मन्त्री, उसको दलको मापदण्ड बुझ्दा बुझ्दै, हुनुपर्ने र गर्नुपर्ने आवश्यक निर्णयको औचित्यता समाप्त भैसकेको हुन्छ। पाउनु पर्ने सेवा ढिलो पट्यार लाग्दो भएपछि कार्य संस्कारमा सुधार भएको देखिदैन।

च) दक्षिणएसियाली राष्ट्रहरूले निजामती राष्ट्रसेवकहरूलाई निम्नअनुसार मासिक तलबभत्ता प्रदान गरेको अवस्था छ :

| सि.न. | देशको नाम | मुख्य सचिवको मासिक तलब |
|---|---|---|

बाँकी पृष्ठ ७ मा

# के शासकहरू जनताको मुख थुन्न सक्छन् ?



राजु कार्की

बिहान उठ्नेबित्तिकै समृद्धिपथ राष्ट्रिय दैनिक खबर पत्रिका के हेर्न खोजेको थिएँ, मुख्य समाचार नै विप्लव नेतृत्वको पार्टी नेकपाका जिल्ला सेक्रेटर ीसहित चारजना कार्यकर्ता पक्राउ शीर्षकको समाचार पढैं। किन पक्राउ गरिएछ ? उनीहरूले बम, बन्दुक पड्काएछन् कि ? मान्छे मार्ने उद्योग, अपहरण चोरी, डकैतीलगायत कुनै फौजदारी अपराध गरेछन् कि ? पढ्दै गएँ- इलाका प्रहरी कार्यालय लाहानका प्रहरी नायब उपरीक्षक राजेश थापाका अनुसार आरोपितहरूले गैरकानुनी क्रियाकलाप गरिरहेको सूचनाका आधारमा गिरफ्तार गरेको भनियो। साथमा आरोपितहरूबाट त्यस पार्टीका पर्चा, पम्प्लेट तथा सदस्यता रसिदहरू फेलापरेको बताइयो। प्रहरी नायब उपरीक्षक थापालाई मेरो प्रश्न छ- के हो गैरकानुनी क्रियाकलाप ? कुनै पनि पार्टीको पर्चा, पम्प्लेट, सदस्यता रसिद बोक्दै हिँड्नु गैरकानुनी काम हो ? कि जनतालाई आफ्नो विचार राख्न रोक लगाउनु, प्रजातन्त्रमा विरोधको शान्तिपूर्ण र संवैधानिक स्वरहरूलाई कुल्चनु, आफ्नो आस्थालाई कुल्चनु, शान्तिपूर्ण विरोध गर्ने अधिकारलाई रोक्नु, झूट्टा मुद्दा लगाएर थुनछेक गर्नु कानुनी काम हो ? एकपटक विश्वभरका संविधान र कानूनका ठेली पल्टाउनु पर्ला कि ?

थापा सर, तपाईंले भीमसेन थापालाई पढ्नुभएकै होला। तपाईं पक्कै पनि राष्ट्रियताप्रति चिन्तित हुनुहुन्छ होला। कथित कम्युनिस्ट पार्टीको नेतृत्वमा सामाजिक दलाल, पुँजीवादी सरकार बनेदेखि राष्ट्रियता झन् कमजोर बनेको छ। झन् मधेसी राष्ट्रियताको त के

कुरा ? राष्ट्रवादको नक्कली नाराभित्र सरकारले राष्ट्रघाती अरुण तीन आयोजना भारतलाई सुम्पिएको छ। सन् १९५० को सन्धि, माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङ्दीलगायत सन्धिहरूलाई यो सरकारले पनि निरन्तरता दिएको छ। माथिल्लो कर्णाली, अरुण तीन, कोसी उच्च बाँध, विमानस्थललगायत राष्ट्रिय स्वाधीनतासम्बन्धी संवेदनशील क्षेत्रहरूमा नेपालको सेना-प्रहरीको बेइज्जत हुने गरी भारतीय सुरक्षा व्यवस्थालाई स्वीकार्नुपर्ने बाध्यता बनाइएको छ। भारतीय प्र.म. मोदीको नेपाल भ्रमणको बेलामा भारतीय सेनाले नेपालमा परेड खेलेको हाम्रो आँखाले देखेकै हो। भारतीय दूतावासले नेपालमा मनोमानी पाँच करोडसम्म लगानी गर्नसक्ने प्रावधानलाई ओली-दाहाल सरकारले अनुमति प्रदान गरेर नेपालमा भारतीय दूतावासलाई समानान्तर सरकार चलाउने छूट दिएको छ। यसले हाम्रो राष्ट्रियता र देशकै प्रतिष्ठा झन् गिर्दै गएको छैन र थापा सर ? दिनहुँजसो सीमा मिचिएको छ। सीमामा बस्ने नेपालीलाई भारतीय सीमारक्षकले गर्ने ज्यादतीको समाचार त सामान्यजस्तो हुन थालिसक्यो।

जनताको विचार र परिवर्तनका लागि सङ्घर्ष गर्ने अधिकार रक्षा गर्ने प्रश्न त धेरै टाढाको विषय भयो। संसदीय व्यवस्था मान्ने पार्टी र संस्थाहरूलाई समेत विरोध गर्न बन्देज लगाउन खोजिँदैछ। देशका बेरोजगार नागरिकहरूलाई रोजगारी दिने उद्योगहरू खोल्नु त परै जाओस्, भएका उद्योग र प्रतिष्ठानहरूसमेत बिक्री गर्ने, निजीकरण गरी एकाधिकार पुँजीपतिहरूको हातमा दिने काम भइरहेको छ। ओली-दाहाल सरकार गठन भएपछि चारपटकभन्दा बढी पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको छ। चुनावमा लिएको खर्च उठाउन व्यापारीलाई मूल्यवृद्धि गर्न र कालोबजारी गर्न सरकारले छूट दिएको छ। कालोबजारियाको लँगौटी बनेको अवस्थामा चार सय प्रतिशतसम्म अन्यायपूर्ण कर थोपरिएको छ। कुनै पनि नागरिकको नैसर्गिक अधिकारका रूपमा रहनुपर्ने शिक्षा, स्वास्थ्य सबै क्षेत्रमा माफियाकरण झन् बढेको छ। यो सरकार बनेदेखि विगतका सरकारहरूमा झैँ भ्रष्टाचार संस्थागत बनाइएको छ।

जनजीविका साह्रै नै दयनीय बन्दै गएको छ। दलाली, भ्रष्टाचार र कालोबजारी गर्ने दिनानुदिन धनाढ्य बन्दै गएका छन् भने दिनहुँ मेहनत गर्ने, पसिना बगाउने, दिनदिनै गरिब बन्दै गएका छन्। महिनाभरि मेहनत गऱ्यो, राम्रो खाना, लगाउन, छोराछोरी पढाउन धौधौ परिरहेको छ। ठूलै रोग लाग्यो भने त एक मात्र विकल्प हो मर्नु। त्यो हरेक मेहनतकश नेपालीको हो। थापा सर, तपाईं भ्रष्टाचार गर्नुहुन्न भने एकपटक आफ्नी श्रीमतीलाई सोध्नुहोला घरचलाउन कति गाह्रो छ ! एउटा स्वाभिमानी नेपाली पलपल मरिरहेको छ। एउटा नेपाली नागरिक आफैंले उब्जाउ गर्ने खेतमा मल हाल्नका लागि मल किन्न जान्छ, पाउँदैन। भर्खरै हुर्कंदै गरेकी छोरी बलात्कृत हुन्छे। दाइजो दिन नसक्दा सासू, ससुरा र लोग्नेको कुटाइ खानुपरेको छ। आजको युगमा बोक्सीको आरोपमा मलमूत्र खुवाइन्छ। थापा सर, हामी कहाँनिर बाँचेका छौं ? तपाईंकै कार्यक्षेत्रमा पर्ने लाहान १५ बेतहाखोला ढोढनामा श्री आधारभूत विद्यालय छ। चार कक्षासम्म पढाइ हुन्छ एकजना सहयोगीको भरमा। अझ सहरी स्वास्थ्य केन्द्र पनि उनैको जिम्मामा पर्लाजस्तो। त्यही गाउँमा ठूलो लगानी गरेर नेवाः संस्थाले खानेपानीको काम गरेको रहेछ। निर्माण सिद्धिएको एक महिनासम्म पनि धारामा पानी आएन। सबैभन्दा ठूलो समस्या सधैँ पसिना बगाउने पुर्खादेखि बस्दै आएको जमिन आफ्नो नहुनुको पीडा त छँदैछ। हेर्नुस् थापा सर, सत्यवतीनिर यो पङ्क्तिकार पुग्दै गर्दा जीवनमा कहिल्यै चामलको भात खान पाइनँ बाबु भन्दै आँसु झारेर मकैको ढिँडो पस्किएर दिएको मलाई अहिलेजस्तो लाग्छ। विष्णुपुरकट्टी मडायनमा श्री नन्दनी नि.मा.वि. छ। त्यस स्कुलमा प्र.अ. विद्यालय कहिल्यै आउँदैनन्। तर उनको हाजिर पूरै हुने गरेको छ- सबै स्थानीयले विरोध गर्दा पनि। पुलिस पट्टामा हावाले उडाएको घरको छानोका बारेमा सोचिदिने कसले ?

अर्कोतिर सामाजिक विकृतिहरू झन् धेरै बढिरहेका छन्। जुवा, तास, जाँडरक्सी सेवन, वेश्यावृत्ति, चोरी, डकैती, गुन्डागर्दी बढिरहेको छ। सार्वजनिक शिक्षातर्फ अधिकांश शिक्षक नियमित स्कुल नजाने, पठनपाठन नियमित नहुने, खेताला शिक्षक राख्ने, राम्रो शैक्षिक वातावरण र गुणस्तरीय शिक्षा त आकाशको फलझैं हुँदै गएको छ। सरकारी अस्पताल र स्वास्थ्यचौकीहरू छन् तर डाक्टर र स्वास्थ्यकर्मीहरू नियमित हुँदैनन्। अनुदानको औषधी बिक्री गरिँदैछ भने मिति सकिएका औषधीहरूसमेत बेचिँदैछ। छुवाछूत र छाडा क्रियाकलाप अद्यावधिक छँदैछ। अब भन्नुहोस् कहाँनिर छन् नेपाली जनता सन्तुष्ट ? विकृति बढ्यो, नगर्नुहोस्, रोक्नुहोस् भन्दै जनचेतना जगाउनु गैरकानुनी हो ? हो भने यस्तो विकृतिका विरुद्ध हजारपल्ट बोल्नुपर्छ, प्रचारप्रसार गर्नुपर्छ। त्यो मात्र देशभक्त स्वाभिमानी नेपाली हो। यी आवाजहरूलाई रोक्ने कोसिस कहीँकतैबाट नगर्दा नै भलो होला कि ? नत्र शासकहरूलाई रामराम भन्न त सक्छन्, काँध हाल्न त सक्तैनन् नि ? चेतना भया।

गताङ्कबाट क्रमशः ....

# साम्राज्यवादी मुलुकहरूमा समाजवादी क्रान्तिको सम्भावना



धर्मेन्द्र बास्तोला

नेपाली जनयुद्धको विकासक्रममा क्रान्तिका लागि दुई फौजी रणनीतिकोसंयोजनको संश्लेषण जो गरियो त्यो नै आजको विश्वको साम्यवादी क्रान्तिकोफौजी कार्यदिशा हो भन्ने स्पष्ट हुन्छ। साम्राज्यवादी मुलुकका क्रान्तिकारीहरू अझैपनि यो प्रश्नमा सहमत हुन सक्दैनन्- दुई कार्यनीतिको समायोजनको फौजीरणनीति ती मुलुकहरूमा लागू हुन सक्दछ तर यथार्थ के हो भने रुसी क्रान्तिकाक्रममा लेनिनले प्रयोग गर्नुभएको फौजी रणनीतिलाई हेरियो भने त्यसका कैयौँचारित्रिक विशेषताहरू देखापर्दछन् जो त्यसबेलाको सन्दर्भमा त्यतिबेलैको तरिकालेप्रयोग भएको थियो।

तेस्रो विश्वका मुलुकहरूमा गरिने क्रान्तिका सन्दर्भमा माओले विकास गर्नुभएकोदीर्घकालीन जनयुद्धको सिद्धान्त क्रान्तिको आधारभूत नियम भएजस्तै साम्राज्यवादीमुलुकहरूमा पार्टी, सेना र मोर्चाको समस्या समाधान गरी सशस्त्र विद्रोहद्वारासमाजवादी क्रान्ति सम्पन्न गर्न लेनिनका राजनीतिक प्रस्तावनाबाटै सुरु गर्नुपर्दछभन्ने देखिन्छ। रुसी क्रान्ति सम्पन्न गर्नका लागि लेनिनले सन् १९०३ मा केही मूलभूतराजनीतिक प्रस्तावहरू अगाडि सार्नुभएको थियो जो अस्थायी क्रान्तिकारी सरकारकोगठन र सम्पूर्ण सत्ता सोभियतहरूमा, सर्वहारावर्ग र किसानवर्गको अधिनायकत्व एवम्माथि र तलबाट राजनीतिक हस्तक्षेप (जसमा संविधानसभाको चुनाव र विद्रोहकोतयारी पर्न आउँछ) हुन्।

सीधासीधा अर्थमा नभए पनि अमेरिकी माओवादीहरूले लेनिनका यीप्रस्तावनाहरूलाई अहिलेको परिस्थितिमा प्रयोग गर्नु सुधारवादमा फस्नु हो भन्नेमान्यता राख्दछन्। भलै आरसीपी अमेरिकाले मान्दछ, क्रान्तिकारीहरूले बुर्जुवाप्रजातन्त्रवादी राजनीतिज्ञ जोहन स्टुअर्ट मिलले विपक्षीहरूका मतलाईसमेत सत्तालेसम्मान गर्नुपर्दछ भन्ने मान्यताभन्दा अगाडि बढेर सर्वहारावर्गले विपक्षीहरूका विचारहरूलाई राज्यमा समेत समावेश गरिनुपर्दछ। तथापि सर्वहारावर्गभन्दा बाहिर कुनैपनि हालत र स्थितिमा गैरसर्वहारावर्गीय तप्कासँग सर्वहारावर्गको सत्ता साझेदारीगर्न सक्दैन। यो मान्यताले सङ्घर्षको विशेष परिस्थितिमा संविधानसभाको चुनावमालेनिनले विरोधी शक्तिहरूसँग चुनावी प्रतिस्पर्धा गर्ने र माओले आफ्नै वर्गदुस्मनसँगसंयुक्त सरकारको अवधारणा अगाडि सारेको कुरासँग मेल खाँदैन जसको कारणअमेरिकामा होस् वा युरोपमा जहाँ क्रान्तिकारी शक्ति अहिले क्रान्तिका लागिसङ्घर्षरत छन्। त्यसले जनतालाई राजनीतिक आन्दोलनमा नेतृत्व गर्न सकिरहेकोदेखिँदैन।

लेनिनले सर्वहारा र किसानवर्गको अधिनायकत्वको प्रश्न उठाउनुभयो।लेनिनले उठाएको यो नारालाई अहिलेका साम्राज्यवादी मुलुकहरूमा हुबहु लागूगर्न सम्भव हुँदैन किनभने अहिले साम्राज्यवादी मुलुकहरूमा किसानवर्ग रहेकोपाइँदैन वा भए पनि अत्यन्त न्यून सङ्ख्यामा रहेको पाइन्छ। जस्तो कि जर्मनीमाकुल जनसङ्ख्याको ३ प्रतिशत मात्र किसान वर्ग भएको पाइन्छ अथवाअहिलेको अवस्थामा विकसित देशहरूमा त्यस समयको रुसमा जस्तै किसान वर्ग सत्तासञ्चालनका लागि भागीदार बनाउनुपर्ने वा क्रान्तिको संवाहक शक्तिको महत्वपूर्णअंशका रूपमा विकास गर्नुपर्ने अवस्थामा छैन तर लेनिनले जुन प्रकारले जारशाहीकोतख्ता ध्वस्त गर्न सत्ताइतरका शक्तिहरूलाई सङ्गठित गर्ने वैज्ञानिक विधिको विकासगर्नुभयो त्यसले अहिलेका माओवादी क्रान्तिकारीहरूलाई एउटा शिक्षा प्रदान गरेकोछ- साम्राज्यवादी मुलुकहरूमा साँच्चिकै क्रान्तिकारी आन्दोलनको विकास गर्ने होभने अहिलेको अवस्थामा सर्वहारावर्ग र प्रजातन्त्रवादी वर्गको अधिनायकत्वको नाराआवश्यक हुन आउँछ। यो प्रजातन्त्रवादी शक्ति भनेको सत्ताको पिरामिडको टाकुरामारहेको फासिवादका विरुद्ध कुर्सीको लडाइँमा लागेको अर्को फासिवादी डेमोक्रेटिकपार्टी होइन, हरेक वर्ष साम्राज्यवादी युद्धका विरुद्ध सडकमा ओर्लने जनसमुदाय,साम्राज्यवादले ध्वंस पार्दै गरेको विश्व वातावरणका विरुद्ध आवाज बुलन्द गर्दैगरेका करोडौँ मानिसहरू, साम्राज्यवादले पैदा गरेको विकिरणीय प्रदूषणका विरुद्धसङ्घर्षरत लाखौँको सङ्ख्यामा सडकमा उत्रने र प्रजातान्त्रिक अधिकारको माग गर्नेजनसमुदाय नै त्यो प्रजातान्त्रिक शक्ति हुन सक्दछ जसलाई समाजवादी क्रान्तिकालागि संयुक्त मोर्चाका रूपमा सङ्गठित गर्न सकिन्छ। यो कुनै लेनदेनको प्रश्न वाकुनै सम्झौताको प्रश्नभित्र पर्दैन, यो पुरानो राज्यसत्ताको अन्त्य गरी नयाँ राज्यसत्ताकोस्थापना गर्नका लागि सम्पूर्ण जनसमुदायलाई गोलबन्द गर्ने र ती जनसमुदायको सहीकार्यदिशाका लागि नेतृत्व गर्ने कुरासँग सम्बन्धित छ।

वास्तवमा लेनिनले अक्टोबर क्रान्ति सम्पन्न गर्न जुन कार्यनीति अपनाउनुभयोत्यसले माओले संश्लेषण गर्नुभएको पार्टी, सेना र संयुक्त मोर्चाको अवधारणालाईराम्रोसँग व्यावहारिक प्रयोग गरेको पाइन्छ। लेनिनले संविधानसभाको चुनावका लागिराजनीतिक सङ्घर्षको कुरा मात्र गर्नुभएन, उहाँले सर्वहारावर्गले सत्ता कब्जा गर्नकालागि व्यवहारतः आफ्नो मिलिट्यान्ट शक्तिको विकास गर्नुपर्ने कुरा पनि बताउनुभयो।केवल राजनीतिक सङ्घर्षले सुधारवादतिर लैजाने भएकाले क्रान्तिकारीहरूले जुझारुप्रकारको सङ्घर्ष गर्नुपर्ने कुरा बताउनुभयो।साम्राज्यवादी मुलुकमा सङ्घर्षरत माओवादी क्रान्तिकारीहरूका लागि लेनिनलेस्थापित गर्नुभएका प्रस्तावनाहरू आधार भूत र अनिवार्य हुन् भन्ने कुरा प्रस्ट छ तर तीक्रान्तिकारीहरूको सन्दर्भमा यो विषयमा त्यति ध्यान दिएको पाइँदैन। साथै माथिनै भनिएजस्तो, लेनिनले स्थापित गरेका मान्यताहरूलाई हुबहु लागू गर्न खोजियोभने पनि अहिलेको विश्वमा साम्राज्यवादी मुलुकभित्र क्रान्ति सम्पन्न हुन सम्भवछैन। त्यसमा निश्चित रूपले नयाँ विकास गर्न आवश्यक छ र त्यसको विकासनेपाली क्रान्तिको दौरानमा भइसकेको छ, अहिलेको विश्वमा समाजवादी क्रान्तिसम्पन्न गर्नका लागि फौजी रणनीति लेनिन र माओले विकास गर्नुभएको दुई फौजीरणनीतिको समायोजन नै हुन सक्छ। फ्रान्सेली युवाहरूले सन् २००६ को नोभेम्बरमागरेको छापामार शैलीको कारबाही एउटा यस्तो कारबाही हो जसले यो कुरालाईराम्रोसँग पुष्टि गर्दछ- पहिलो, साम्राज्यवादी मुलुकहरूमा जुझारु प्रकारको सङ्घर्षसम्भव छ, दोस्रो, केवल जुझारु सङ्घर्ष नै यसप्रकारको सङ्घर्ष हो जसले जनताकामागहरूलाई करोडौँ मानिसका बीचमा एकैचोटि लैजान सक्छ, तेस्रो, जुझारु सङ्घर्षनै यस्तो सङ्घर्ष हो जसले करोडौँ मानिसलाई एकैचोटि प्रशिक्षित गर्न सक्छ।चौथो, जुझारु सङ्घर्ष नै यस्तो सङ्घर्ष हो जसले समयको गतिलाई कति तीव्रबनाइदिन्छ भने छोटै समयमा प्रतिक्रियावादी सत्ताका अगाडि ठूलठूला चुनौतीहरूकोपर्खाल खडा गरिदिन्छ। पाँचौँ, यसप्रकारको सङ्घर्ष नै कति तीव्र र घनीभूत हुनेगर्दछ भने आमजनसमुदायलाई सत्ताका विरुद्ध सङ्घर्ष गर्न आवश्यक ज्ञान रसीपको विकास गराउँछ।

यसप्रकारको सङ्घर्षले मात्र साम्राज्यवादी मुलुकहरूमा क्रान्तिकारी परिस्थितिको मुकाबिला गर्ने आवश्यक आत्मगत अवस्थाको तयारी गर्न सक्दछ तरसाम्राज्यवादी मुलुकहरूमा सङ्घर्षरत क्रान्तिकारीहरूले यो विषयमा त्यति ध्यानदिएको पाइँदैन। कतिपय क्रान्तिकारीहरूमा पुरानै प्रकारले अथवा उन्नाईसौँ शताब्दीमामार्क्स-एङ्गेल्सले र बीसौँ शताब्दीमा लेनिनले गरेका आर्थिक एवम् राजनीतिकविश्लेषणहरू तथा पुँजीवादको उदाउँदो अवस्थामा पैदा भएका अन्तरविरोधहरू तथासाम्राज्यवादी उत्पादन प्रणालीले पैदा गरेका अन्तर्विरोधहरूको बयान मात्र गरेकोपाइन्छ। तर मार्क्स-एङ्गेल्सदेखि लेनिनसम्मको समयमा गरिएका विश्लेषणहरूकोविश्वव्यापीकरण वा वैज्ञानिक सत्यता हुँदाहुँदै पनि अहिलेको विश्वमा अन्तरविरोधहरू नयाँकिसिमले विकास भइरहेका छन्। क्रान्तिकारीहरूले ती नयाँ अन्तरविरोधहरूलाई नयाँप्रकारले बुझ्न सक्नु र त्यसका नयाँ समाधान निकाल्न सक्नुले मात्र नयाँ प्रकारलेक्रान्तिकारी आन्दोलनलाई सङ्गठित गर्न सकिन्छ तर ध्यान दिनयोग्य कुरा के छभने कतिपय माओवादीहरू माओले विश्लेषण गर्नुभएको अन्तरविरोधको सर्वव्यापकता,अन्तरविरोधको विशिष्टता, प्रधानअन्तरविरोध र अन्तरविरोधको प्रधानजस्ता दार्शनिकमान्यतासँग सहमत हुन सक्दैनन्। उनीहरूका विचारमा साम्राज्यवाद र उत्पीडितराष्ट्र र जनताका बीचको अन्तरविरोध आजको विश्वको प्रधानअन्तरविरोध होभन्ने कुरा 'तेस्रो विश्ववाद' भन्ने भएको छ।क्रान्तिकारीहरूका यी सबै समझदारीको योग के हुने गरेको छ भने केसाम्राज्यवादी मुलुकहरूमा समाजवादी क्रान्ति सम्भव छ ? निश्चित रूपले हाम्रोजबाफ हुने गर्दछ- सर्वहारा क्रान्ति सम्भव छ तर त्यसका लागि सर्वहारावर्गले आफूलाई केवल सर्वहारा मात्र बनाएर त्यो सम्भव हुन सक्दैन, उसले आफूलाई वैज्ञानिक सर्वहारा बनाउन सकेको अवस्थामा मात्र त्यो सम्भव हुन सक्दछ।

> nl]ggn] ;Hjwfg ;efsf] rgfjsf nflu/fhgLlts ;ª3if{sf]s/f dfq ug{ePg, pxfF ;jx{f/fju{n] ;Qf sAhf ug{sfnflu Jojxf/tM cf^gf] ldln6ofG6 zlQmsf]ljsf; ug{kg{[s/f klg atfpg]eof].s]jn /fhgLlts ;ª3if{n] ;wf/jfbltf/ nh]fg]ePsfn] qmflGtsf/Lx¿n]hem?k|sf/sf] ;ª3if{ug{kg{[s/f atfpg]eof]. ;fd|HojfbL dn'sdf ;ª3if{t dfcf]jfbL qmflGtsf/Lx¿sf nflu n]ggn]ylkt ug{ePsf k|tfjgfx¿ cfwf/et / clgjfo{xg eGg]s/f k|6 5 t/ tLqmflGtsf/Lx¿sf] ;Gbe{df of]ljifodf Tolt Wofg lbPsf]kf0Fb{g .

### सन्दर्भ सामग्री

१. २०४७ सालमा पार्टीले मलाई अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा काम गर्ने जिम्मेवारी दिएपछितत्कालीन पश्चिम क्षेत्रको क्षेत्रीय समिति सदस्यको कार्यभार र सुर्खेत जिल्लाको जिल्लासेक्रेटरीको जिम्मेवारी बीचमै बिसाएर हिँड्नुपऱ्यो। अन्तर्राष्ट्रिय क्षेत्रको काममा आएपछि संयोगकस्तो पऱ्यो भने जिल्लाको अधिवेशनमा समेत सहभागी हुन सकिएन। आन्दोनमा प्रवेश गर्नेबित्तिकै जित्नका लागि विश्व (अ वर्ल्ड टु विन) पत्रिका प्रकाशन गर्ने काममा मैले दक्षिणभारतको केरला राज्यमा जानुपऱ्यो। भारतको एउटा मनोरम सहर एर्णाकुलमबाट प्रकाशितहुन्थ्यो त्यो पत्रिका। पत्रिकाको सम्पादन बेलायतबाटै गरिन्थ्यो र प्रकाशन एर्णाकुलमबाट।वितरणका लागि संसारभर पठाइन्थ्यो- एसिया, अफ्रिका, युरोप अमेरिका र ल्याटिन अमेरिकीदेशहरूमा। त्यतिबेलै अन्तर्राष्ट्रिय आन्दोलनका बारेमा बहस हुन्थ्यो र समस्या र समाधानकाविषयमा चर्चा-परिचर्चा भइरहन्थ्यो।

२. स्पेनिस भाषामा 'आसुमिर' को अर्थ अङ्ग्रेजीका तबपभ गउ अथवा नेपालीमा 'ग्रहण गर्नुस्' भन्नेहुन्छ।

३. स्पेनिस भाषामा व्बाभतगचब लाई ह्याफेट्र्युरा भनी उच्चारण गरिन्छ। यसको तात्पर्य विधानभन्दामाथि अथवा सामान्य नियमले नछुने भन्ने हुन्छ। पेरूको कम्युनिस्ट पार्टीले कमरेड गोन्जालोलाईविधानभन्दा माथि, सामान्य नेतृत्वभन्दा उच्च र मार्क्स, लेनिन र माओको समकक्षीका रूपमाव्यवहार गर्दै आएको छ। यो पार्टीको मान्यताअनुसार जसरी मार्क्स, लेनिन र माओबाटकमजोरी हुने सम्भावना रहन्न, त्यसैगरी कमरेड गोन्जालोबाट पनि त्यो सम्भावना रहनेछैन।

४. Thus, it does seem that the sequence of more and more refi ned theories shouldgo some limit as we go to higher and higher energies. The Theory of Everything,Stephen Hawking, P121

५. यो अन्तर्वार्ता A World to Win (जित्नका लागि विश्व) पत्रिकाको अङ्क १८ मा प्रकाशितभएको छ।

६. We also sincerely acknowledge the popular support gained by the Corazon C.Aquino and the corresponding position ve eff orts by her and the democration c forces inthe new government in uncondition onally ordering the release of polition cal detaineesof the fascist regime, restoring civil libertion es, and carrying out measures todismantle the fascist structures. In all sincerity, we hope that these progressivemoves will gather momentum towards the solution on of the more fundamentalproblems confrontion ng our people. Statement by military Commission of theCommunist Party of Philippines 1986.

७. Our victory is comparable to that of the fi rst great rection fi cation on movement from1967 to 1972, in terms of upholding the basic revolution onary principals and assertion ngthe proletarian revolution onary line against the bourgeois counterrevolution onary lineof Lavaiites. Rebolusyon: Theorition cal and polition cal journal CPP No 1, Seris 095 P.2

८. What happened भन्ने दस्ताबेज इन्डोनेसियाको नरसंहारबाट बचेका केही क्रान्तिकारीहरूलेचीनको भूमिमा प्रबेश गरेर तयार गरेका थिए। यो दस्ताबेज देश फर्केपछि पार्टीमा छलफलगरियो तर दक्षिणपन्थी अवसरवादी नेतृत्वले त्यसलाई बहसमा लान मानेन र यो दस्ताबेजकरिब तीन दसकसम्म पार्टी सङ्ग्रहालयमा थन्कियो। सन् २००० को दसकको सुरुआतीसँगैइन्डोनेसियामा युवा क्रान्तिकारीहरूले विभिन्न अध्ययन समूह बनाउँदै पुरानो इतिहासको अध्ययनगर्न सुरु गरे। त्यही सिलसिलामा यो दस्ताबेज प्राप्त भयो र यसलाई विभिन्न भाषामा रूपान्तरणगरिएको छ।

९. See: CHILE, The real story of Allede Years, by Jorge Palacious, Banner Press USA.

१०. Ibid

११. AWTW No 31. 2005 P.10.

१२. ......only he is a Marxist who extends the recognition on of class struggle to therecognition on of the dictatorship of the proletariat and to the recognition on of theobjection ve existence of classes, of antagonistion c class contradiction ons, of the bourgeoisiein the Party and of the contion nuation on of the class struggle under the dictatorship ofthe proletariat throughout the whole period of socialism untion l communism. As Maoso powerfully stated, "Lack of clarity on this question on will lead to revisionism." LongLive Marxism-Leninism-Maoism: RIM document, December 1993,

१३. इरानको कम्युनिस्ट पार्टी माओवादीको तत्कालीन सङ्गठन युनियन अफ कम्युनिस्ट अफइरानको पत्र पेरूको कम्युनिस्ट पार्टीलाई।

१४. उहीज्ञछ हेर्नुस् What is Communist Leadership? The Revolution on no 156: talk with Bob Avakian

१६. उही

१७. उही

१८. माओ सङ्कलित रचना। अङ्ग्रेजीको ग्रन्थ ३, पृ. ११७

१९. दोस्रो अन्तर्राष्ट्रियको पतनबारे हेर्नुस् लेनिन–दोस्रो अन्तर्राष्ट्रियको पतन।

२०. उही।

२१. चुनबाङ बैठकको दस्ताबेजबाट।

२२. Shanghai Text Book. Chapter 12

२३. Lenin Hindi Vol 8. P 106

२४. पीकेआईका बचेका केन्द्रीय सदस्यहरूले आमहत्याको मूल्याङ्कन गरेको दस्ताबेज प्राप्त भएकोछ। यो दस्ताबेज लामो समयसम्म हराएको थियो र अहिले नयाँ क्रान्तिकारीहरूले त्यसलाईअध्ययनका लागि बाहिर ल्याएका छन्।

२५. ibid

२६. ibid

२७. ibid

२८. इन्डोनेसियामा संशोधनवादको विकास कसरी भयो ? भन्ने विषयमा त्यो दस्ताबेजमाभनिएको छ :आम निर्वाचनको समयमा पार्टी नेतृत्वले 'आम निर्वाचन नै जनप्रजातान्त्रिक सरकार निर्माणगर्ने उपर्युक्त बाटो हो' भनी बतायो। यो सिद्धान्त नै दोस्रो अन्तर्राष्ट्रियमा कार्ल काउत्स्कीर बर्नस्टिनले बताएभैँ पूर्णतया अवसरवादी थियो। (लेनिन : दोस्रो अन्तर ाष्ट्रियको भङ्ग)यद्यपि यो नयाँ कथित सिद्धान्तका पक्षहरूलाई चुनावी घोषणापत्रबाट गोप्य तरिकाले सच्याउनर यसका स्रोतलाई परीक्षणका रूपमा लिन खोजिएको थियो। यस पक्षलाई नयाँ सिद्धान्तकानाममा यसलाई पूरै सजाइएको थियो। जस्तै- 'क्रान्ति माथि र तलबाट', 'राज्यशक्तिका दुईपक्ष', 'पेट दायाँ चल्छ र राजनीति बायाँबाट' इत्यादि।'ती पक्षहरू के थिए ? पहिलो पक्ष- सन् १९५७ फेब्रुअरी २१ को राष्ट्रपति सुकार्नोको धारणा२१ फेब्रुअरीको दिन (सन् १९५७) राष्ट्रपति सुकार्नोले पारम्परिक सहयोगी मन्त्रिपरिषद्'को धारणा अगाडि बढायो र कम्युनिस्टले यसमा सहभागिता जनाउने भए। पार्टी नेतृत्वलेनिर्विवाद तरिकाले यसलाई स्वीकार गऱ्यो र यो उद्देश्य प्राप्त गर्न पार्टीले सबै शक्ति र कोषकोपरिचालन गऱ्यो। यस सन्दर्भमा दुवैतिरका लागि यो विजयका लागि क्षेत्रीय संसद्का लागिनिर्वाचन र बीबीएचको (क्षेत्रीय कार्यकारी अङ्ग) सदस्यका लागि पार्टी सदस्यहरूको नियुक्ति,जस्तै ब्रुपतिका लागि (क्षेत्रीय जिल्ला प्रमुखहरू) र मेयरहरूका लागि पार्टी नेतृत्वले निश्चितभएर ठूलो र उत्साहित परिभाषामा (महत्वपूर्ण सदस्यहरूलाई यी पहलमा) पठायो र 'क्रान्तिमाथिबाट' सिद्धान्तलाई अवलम्बन गऱ्यो। यसरी सुकार्नोको शान्तिपूर्ण तरिकाले राज्यसत्ताप्राप्त गर्ने धारणालाई आज्ञाकारी रूपमा लियो।यसर्थ विद्यमान कानुनी दायराबाट सुधारमा जान 'माथिबाट क्रान्ति' (Revolution onfrom above) लागू गर्न जनकार्यहरू सङ्गठित तरिकाले विकास गरी परिचालन भएरयसैबाट प्रजातान्त्रिक कानुन निर्माण गर्ने भनियो। पार्टीले टान लिङ भिः (Tan Ling Djie)वैधानिकतालाई पुनरपरिभाषित गरी विकास गऱ्यो जसले प्रत्येक समस्याले औपचारिक न्यायिकतरिकाबाट समाधान गर्ने कुरामा विश्वास गर्थ्यो। फरक यो थियो- संविधानसभा मञ्च (पछिअस्थायी जनकाङ्ग्रेस) संसद्, क्षेत्रीय संसद्, राष्ट्रिय योजना परिषद्लाई पुनर्जीवित गरियो।'राष्ट्रिय स्वार्थका अगाडि वर्गस्वार्थ (रुचि) केही हैन भन्ने धारणाका आधारमा वर्गसङ्घर्ष रवर्गविश्लेषण निकै कमजोर बन्दै गयो र यी पक्षलाई राष्ट्रपति सुकार्नोको नासाकोम (Nasakom)विचारले विस्थापन गऱ्यो। यसको अगाडिको विकाससँगै एकीकृत मोर्चालगायत सम्पूर्णक्रियाकलापलाई नासाकोम विचारले निर्देशित गऱ्यो। यो कुरा प्रस्टै छ त्यो बेलामा हाम्रोनेतृत्वले बुर्जुवा र जमिनदारका अगाडि आत्मसमर्पण गऱ्यो।'

29. AWTW No

30. 2005 P.10.30 See AWTW No 32. 2006 p.66

31 Ibid p,68

32 "Postmodernism and the passage to Empire involve a real convergence of therealms that used to be designated by base and superstructure. In this context thedistion nction on that defi ne the central categories of the polition cal economy tend to blur. Production on becomes indistion nguishable from reproduction on; the production ve forcesmerge with the relation on of production on…." Ibid p 71. 12 Lenin vol 6 P. 36233 लेनिन भो. ६पृ ३६२.

स्रोत : समकालीन कम्युनिस्ट आन्दोलन

# स्मृतिमा सुरेश वाग्ले



गुणराज लोहनी

*म इन्चार्जको सम्पर्कमा पुग्दा इन्चार्ज यसअघि भेट्दाजस्तो उत्सुक र हँसिला थिएनन् । मलाई लाग्यो, उनी बिरामी भएछन् क्या हो ? उनले आफू बसेको खाटमा नै बस्न सङ्केत गरे । हामीले हात मिलाएर अभिवादन आदानप्रदान गरेका थियौँ । अरु दिन उनी आफैँ ल भन्नुस्, कस्तो भयो कार्यक्रम भनेर सोध्थे । तर त्यस दिन सोधेनन् । अँध्यारो अनुहार लगाएर असाध्यै दुःखद् खबर छ लोहनी सर भने । उनको दुःखद् खबर भन्ने शब्दले निःशब्द बनायो ।*

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का पोलिटब्युरो सदस्य कमरेड सुरेश वाग्ले 'वासु' ले २०५६ साल भदौ २३ गते सहादात प्राप्त गर्नुभएको थियो । उहाँको सहादतको दिन जतिजति टाढा हुँदै गइरहेका छन् वासुका योगदानका सन्दर्भहरू पनि टाढिँदै गएका छन् । यो साँच्चै राम्रो कुरा होइन । वासुले महान् जनयुद्धको तयारी, त्यसको सुरुआत र विकास हुँदै जाँदा निर्वाह गरेको भूमिका र पार्टी नेतृत्वको उच्च तहको बलिदानको कोटा पूरा गर्नुभएको थियो । जनयुद्धमा पार्टीको सबैभन्दा माथिल्लो तहबाट दुस्मनको जीवन भिक्षालाई दुत्कार्दै मृत्यु स्वीकार गर्ने एक जोदाहा, उच्च नेता हुनुहुन्थ्यो । सर्वहारावर्गीय विचार, राजनीति र वर्गप्रति निष्ठावान् वासुले रगत बगाएको पार्टीका मुख्य नेताहरू पटकपटक सरकारको नेतृत्व गरिराखेका छन् । अहिले उहाँको पार्टीको मुख्य नेताले सिङ्गो पार्टीलाई एमालेजस्तो वासुको भनाइमा 'टुकुचाको फोहोरको नाली' मा मिसाएका छन् । यस्तो अवस्थामा कमरेड वासुलाई कसरी सम्झिने ? उहाँका योगदानको कदर कसरी गर्ने ? उहाँले खडा गरेको त्याग र बलिदानको मूल्यबोध कसरी गर्ने ? यी प्रश्नहरू सबै क्रान्तिकारीहरूका लागि यक्षप्रश्न भएर रहेका छन् ।

म यहाँ यी सबै प्रश्नहरूको जबाफ दिइराखेको छैन । कमरेड वासुको नेतृत्वमा मैले गर्न पाएको कामका अनुभव, अन्तिम दिनमा उहाँसँग भएका सहकार्य र मैले लिएको शिक्षाका बारेमा यहाँ केही कुरा राख्न उपयुक्त ठानेको छु ।

वासुसँगको औपचारिक परिचय

सुरेश वाग्लेको नाम मैले २०४८ सालको संसदीय चुनावको बेलामा सुनेको थिएँ । उहाँ तत्कालीन संयुक्त जनमोर्चाका तर्फबाट गोरखाबाट लड्नुभएको थियो । तर थोरै मतले मात्र हार्नुभएको थियो । बीचमा धेरैपटक भेट त भए तर दोहोरो कुरा हुन सकेको थिएन ।

जनयुद्ध सुरु भैसकेको थियो । म नवचेतना त्रैमासिक विचार प्रधान पत्रिकाको प्रधानसम्पादक बनेको थिएँ । सायद २०५३ सालमा हुनु पर्दछ । टेकबहादुर थापा जो नारायणी माध्यमिक विद्यालयका प्रधानाध्यापक थिए । त्यसै विद्यालयमा म अध्यापन गर्दथेँ । एक दिन बिहान उनले आफ्नो घर आउन सूचना पठाएका थिए । म तोकिएको समयमा पुगेँ । त्यहाँ वासुजी नीलो सर्ट र इस्टकोट लगाएर बस्नुभएको रहेछ । चितवनका अन्य बुद्धिजीवी पनि उपस्थित थिए । सबैसँग परिचय भयो । त्यही क्रममा मेरो पनि परिचय दिने पालो आयो । मैले मेरो नाम भनेँ । मेरो नाम सुनेपछि उहाँले आश्चर्यजस्तो भाव व्यक्त गर्नुभएको थियो- ए, मैले त तपाई अलि प्रौढ हुनुहुन्छ होला भन्ठानेको थिएँ । युवा पो हुनुहुँदो रहेछ । हुन पनि त्यो समयमा केवल २७ वर्षको थिएँ । त्यो भेटघाटमा निकै लामो कुराकानी भएका थिए । हामीले गर्नुपर्ने भूमिकाका बारेमा पनि केही कुराहरू गर्नुभयो उहाँले ।

बीचमा नियमितजस्तो भेट भैराखेको थियो । त्यही क्रममा २०५४ सालमा उहाँले हामीलाई बोलाएर दसैँको अवसरमा रोल्पामा जान भन्नुभएको थियो । हामी ५ जना जान तयार भएका थियौँ । मेरो घुँडामा चोट लागेको थियो । केही दिनअघि भरतपुरको ओरालोमा रिक्साले लडाइदिएर घुँडामा गहिरो चोट लागेको थियो । त्यसैले म खोच्याएर हिँडिरहेको थिएँ । वासुले 'लोहनी सरले घुँडाको एक्स–रे गर्नुपर्छ' भन्नुभयो । रोल्पाका पहाडमा हिँड्न घुँडाको समस्या हुन्छ कि भन्ने उहाँको कुरा थियो ।

घुँडाको चोटको पीडाभन्दा पनि रोल्पामा जान पाउने भएकोमा म बढी उत्सुक भैराखेको थिएँ । म त्यसै दिन घुँडाको एक्स–रे गर्न गएँ । घुँडाको पाङ्ग्रो ३ टुक्रा भएको रहेछ । यही कारणले म रोल्पा जानुभन्दा पनि उपचारका लागि काठमाडौँ जानुपर्ने भएको थियो । बस चढेर उर्मिला र म काठमाडौँ लाग्यौँ । वीर अस्पतालका अर्थोपेडिक डक्टर शिव अधिकारीले घुँडाको पटेलालाई मिलाएर स्ल्याब राखिदिएका थिए । त्यस समयमा मैले ४५ दिनसम्म बैसाखी टेकेर हिँड्नुपरेको थियो ।

वासुसँगको एक वर्ष

मेरो जीवनमा एउटा नयाँ मोड आयो । मलाई २०५५ साल असोजमा चितवन जिल्ला पार्टी सदस्यमा चयन गरियो । त्यो समयमा चितवनमा केवल ९ सदस्यीय जिल्ला समिति बनेको थियो । चौथो विस्तारिक बैठकपछि पुनर्गठित उक्त कमिटीमा जिल्ला सेक्रेटरी थिए कुशल जसलाई विकेश पनि भनिन्थ्यो । सदस्यहरूमा घनश्याम दाहाल (अविनाश), रमेश रेग्मी (गोविन्द), केशव रिमाल (समर), मार्कण्ड्य गौतम (महेश), चित्रबहादुर श्रेष्ठ (गोपाल), म, कञ्चन खनाल (आकृति) र ईश्वरीप्रसाद खनाल (प्रतीक) थियौँ । उक्त कमिटीको पहिलो बैठक बस्यो । बैठकमा प्रमुख अतिथि तथा उपब्युरो इन्चार्जका रूपमा सुरेश वाग्ले 'वासु' आउनुभयो । त्यसपछिका सबैजसो बैठकमा उहाँ आउन थाल्नुभयो । चितवनको वर्गसङ्घर्ष, सङ्गठन विस्तार र सुदृढ योजना निर्माणमा निर्देशन गर्न थाल्नुभयो ।

उहाँ बढी नै अध्ययनशील हुनुहुन्थ्यो । उहाँको अङ्ग्रेजी अलि कमजोर थियो । त्यसैले अङ्ग्रेजी भाषाका दस्तावेज, लेखहरूलाई म नेपालीमा भाषान्तरण गरिदिन्थेँ । त्यसै बेलामा पेरू कम्युनिस्ट पार्टीको आन्तरिक दस्तावेज अङ्ग्रेजीमा आएको थियो । त्यो निकै लामो र दुर्लभ पनि थियो । मैले महिनौँ दिन लगाएर नेपालीमा रूपान्तरण गरेको थिएँ । वासुको वैचारिक र दार्शनिक स्तर पनि राम्रो थियो । त्यसैले उहाँसँग कुरा गर्न र उहाँका कुरा सुन्न आनन्द आउँथ्यो । दर्शनप्रतिको मेरो बढी चासो वासुजीले नै बढाइदिनुभएको थियो । वासुजीको वैचारिक दृढता, राजनीतिक स्पष्टता र साङ्गठनिक कुशलता हुँदाहुँदै पनि चितवनमा केही समस्याहरू देखापरेका थिए ।


ठीकै भैराखेको थियो तर सेक्रेटरीको कार्यशैली बेफजुल खर्च र आर्थिक अपारदर्शीका कुराहरू उठिरहेका थिए । साथै आफूलाई मनपरेका कार्यकर्तालाई भौतिक वस्तुहरूद्वारा प्रोत्साहित गर्ने र आफूलाई मन नपर्नेहरूलाई धकेल्दै कुनासम्म पुऱ्याउन थालेका थिए । उनी राजनीतिक-वैचारिक रूपमा भन्दा पनि मूढे बलको भर पर्दथे । उनका यिनै कार्यशैलीका कारण जिल्ला पार्टीमा गुट देखापरेको थियो । यसरी गुट नै देखा पर्दा कुशलले सतर्क र सजग होलान् भन्नुको सट्टा गुटलाई नै प्रोत्साहित गर्नेतिर उद्यत देखिन थालेका थिए । यसरी वर्गसङ्घर्षको भीषणता, दुस्मनको घेराबन्दी, क्रान्तिको कार्यभारलाई बेवास्ता गर्दै उनी जसरी अगाडि बढ्दै गए त्यसमा पनि आर्थिक रूपमा उनी झनै अस्पष्ट र अपारदर्शी हुँदै गए त्यसपछि उनका विरुद्ध कदम चाल्नुपर्ने बाध्यता नै भयो ।

मैले उठाएका कुरामा चित्रबहादुर श्रेष्ठ, घनश्याम दाहाल, मार्कण्ड्य गौतम र ईश्वरीप्रसाद खनाल सहमत भएका थिए । हामीले जिल्ला इन्चार्ज रहेका श्रीराम ढकाललाई धेरैपटक जानकारी पनि दिएका थियौँ । वासुसँग पनि कुरा राखेका थियौँ ।

२०५६ सालको संसदीय चुनावपछि केन्द्रीय समितिको बैठक बस्दै थियो । मेरो नेतृत्वमा म, चित्रबहादुर, घनश्याम दाहाल, मार्कण्ड्य गौतम र ईश्वरी खनालले कुशलका आर्थिक अनियमितता, राजनीतिक, वैचारिक समस्या र साङ्गठनिक अराजकतालाई लिपिबद्ध गरेर एउटा पत्र तयार पारेर हस्ताक्षर गरी पठाएका थियौँ । उनले गरेका आर्थिक हिनामिनाको स्पष्ट हिसाबकिताब हुनुपर्ने, स्पष्ट भएन भने आवश्यक कारबाही अघि बढाउनुपर्ने हाम्रो माग थियो । साथै उक्त पत्रमा कुशलले चितवनजस्तो जिल्लाको नेतृत्व पनि गर्न नसक्ने उल्लेख गरेका थियौँ ।

केन्द्रीय समितिको बैठकपछि भदौ ४, ५, ६ र ७ गते चार दिनसम्म चितवन जिल्लाको बैठक बस्यो । बैठकमा अन्य प्रस्तावहरू त हुने नै भयो तर मुख्य रूपमा कुशलमाथि केन्द्रित हुन पुगेको थियो । माथिबाट नै उनलाई जिल्ला सेक्रेटरीबाट हटाइएको रहेछ । साथै सबै हिसाब जिल्ला कमिटीमा स्पष्ट पार्ने भन्ने पनि रहेछ । उनले हिसाब मिलाउन खुबै कोसिस गरेका थिए तर हिसाब मिल्ने कुनै गुन्जायस नै थिएन । किनभने उनले आर्थिक हिनामिना गरेका थिए । कुनै हिसाबकिताब राखेका थिएनन् अनि कहाँ मिल्थ्यो र हिसाबकिताब ।

धेरै समयको बहसपछि आफैँले लिखित रूपमा दिएको पत्रबाट चित्रबहादुर श्रेष्ठ, घनश्याम दाहाल, मार्कण्ड्य गौतम र ईश्वरी खनालले हात झिकेछन् । म मात्र आफ्नो अडानमा रहिराखेँ । मलाई वासुले खुबै सम्झाउनुभयो, मैले मान्दै मानिनँ । म आफ्नो अडानबाट टसको मस नभएपछि वासुले बैठकमा नै मलाई अलि कडा स्वरमा भन्नुभयो, 'ल भन्नुस् यो मान्छेलाई के गर्ने ? यसको घर पार्टीले कब्जा गर्ने ?, एउटा मान्छे उत्पादन गर्न पार्टीले कति लगानी गर्नुपर्छ, थाहा छ ?' कुशल पनि त्यहीँ नै थिए । वासुले कुशललाई यो उपब्युरोबाट नै सरुवा गराइएको जानकारी दिनुभयो । साथै मैले कुशललाई दिएको पैसाको पूर्ण हिसाब बुझाउने सर्तमा मैले पनि कुरा उठाउन छाडिदिएँ ।



सहिद क.सुरेश वाग्ले (बासु)
आँपिपल गोरखा (स. २०५६/५/२३)

खाना, नास्ता खाने, बैठक स्थगन भएका बेलामा वासुजीले मलाई धेरै कुरा भन्नुभएको थियो । 'लोहनी सर, तपाईंबाट पार्टीले धेरै अपेक्षा राखेको छ । तपाईं पढ्न, लेख्न जानेको मान्छे, पत्रकारितामा पनि राम्रो दखल राख्नुहुन्छ, अध्ययनशीलता पनि छ । तपाईंले अनुसन्धानमा लाग्नु पर्दछ' भन्नुभएको थियो । उक्त बैठकले मलाई उत्साहित पनि बनाएको थियो ।

२०५६ साल भदौ २३ गते बेलुका जिल्ला इन्चार्ज र म शिक्षकहरूको आन्तरिक प्रशिक्षणमा जानुपर्ने भयो । सम्पर्क शिवनगरका बालकृष्ण ढकालको घरमा दिइएको थियो । उनी अखिल नेपाल शिक्षक सङ्गठनका कार्यवाहक अध्यक्ष रहेका थिए । म भरतपुरबाट साइकल चढेर साँझ मात्र पुगेको थिएँ । कार्यक्रम राती हुने गर्थ्यो । बेलुकातिर जिल्ला इन्चार्जको एउटा पत्र मकहाँ आइपुग्यो । त्यो पत्रमा शिक्षकको प्रशिक्षणमा इन्चार्ज आउन नपाउने भएकाले मैले नै सञ्चालन गर्न निर्देशन गरिएको थियो ।

अमर माध्यमिक विद्यालयमा पढाउने शिक्षक जो पछि प्रधानाध्यापक पनि हुनुभएको थियो, उहाँको घरमा शिक्षक सङ्गठनका जिल्ला सदस्य सबै जम्मा भएका थिए । प्रशिक्षण, प्रश्नोत्तर गर्दा बिहान ६ बजेको थियो होला । भोलिपल्ट तीजको दिन थियो । साथीहरू सबै हिँडिहाले । मैले त्यहीँ हरि सरको घरमा खाना खाएँ । भदौको महिना, असाध्यै गर्मी थियो । त्यसमा अझ रातभर नसुतेकाले असहज भैराखेको थियो । तैपनि कार्यक्रमको रिपोर्टिङ गर्नुपर्ने हुन्थ्यो । अहिलेको जस्तो सेल फोन थिएन । सीमित मात्रामा मात्र ल्यान्डलाइन फोनहरू थिए । त्यसमा पनि पार्टीले प्रयोग गर्ने सम्पर्क फोनहरू असाध्यै कम थिए । त्यसैले म इन्चार्जको सम्पर्कमा पुगेँ । इन्चार्ज मलाई नै पर्खेर बसिराखेका रहेछन् । त्यो समयमा शिक्षकहरूले तोकेको समयमा ठूलै रकम पार्टीलाई लेबीका रूपमा बुझाउँथे । चितवनमा त फेरि हाम्रो सङ्गठन असाध्यै राम्रो थियो । त्यसैले मसँग राम्रै पैसा पनि थियो ।

म इन्चार्जको सम्पर्कमा पुग्दा इन्चार्ज यसअघि भेट्दाजस्तो उत्सुक र हँसिला थिएनन् । मलाई लाग्यो, उनी बिरामी भएछन् क्या हो ? उनले आफू बसेको खाटमा नै बस्न सङ्केत गरे । हामीले हात मिलाएर अभिवादन आदानप्रदान गरेका थियौँ । अरू दिन उनी आफैँ ल भन्नुस्, कस्तो भयो कार्यक्रम भनेर सोध्थे । तर त्यस दिन सोधेनन् । अँध्यारो अनुहार लगाएर असाध्यै दुःखद् खबर छ लोहनी सर भने । उनको दुःखद् खबर भन्ने शब्दले निःशब्द बनायो । म उत्साहित भएर उनलाई रिपोर्टिङ सुनाउने र मसँग भएको रकम बुझाउने सुरमा थिएँ । इन्चार्ज नआएकोमा दुःख व्यक्त गरेका शिक्षकहरू मैले सबै कुरा बोलेर दोहोरो अन्तरक्रिया भैसकेपछि असाध्यै उत्साहित भएका थिए । त्यही उत्साह लिएर म इन्चार्ज भेट्न हतारिएर गएको थिएँ तर दुःखद् शब्दले मलाई निरुत्साहित बनायो र मेरो मन इन्चार्जको त्यो दुःखद् खबर सुन्न आतुर र त्रसित दुवै भयो । अँध्यारो अनुहार लगाउँदै उनको मुखबाट दुःखद् शब्दहरू निस्किँदै गए, 'लोहनी सर, कमरेड वासु र वैरागीलाई दुस्मनले हत्या गरेरछ हिजो मात्र । त्यो खबर आउनेबित्तिक्कै मैले माथि खबर गर्नुपर्ने भएकाले म शिक्षकको कार्यक्रममा जान सकिनँ ।' यी शब्दहरू मेरा लागि अप्रिय मात्र थिएनन्, अप्रत्यासित र अविश्वसनीय पनि थिए । म स्तब्ध बनेँ । मेरो छातीमा गह्रौँ ढुङ्गाले थिचेको जस्तो भयो । सास फेर्न अप्ठ्यारो महसुस भयो । म केही पनि नबोलीकन उनको कुरा मूर्तिवत् सुनि मात्र राखेको थिएँ ।

मेरा आँखाबाट आँसु झरिराखेका थिए । चलचित्रका दृश्यहरू उल्टो चलेको जस्तो हुन थाल्यो । वासुसँगका विगतका सहकार्य, बहस, छलफल र अझ त्यसमा पनि भर्खर बसेको जिल्ला समितिका दृश्यहरूले चिथोर्न थालेका थिए । म केहीबेर त्यहाँ बसेर बाहिर निस्किएको थिएँ । त्यहाँलाई एकजना साथी मोटरसाइकल लिएर पर्खिराखेका थिए । मेरा आँखा देखेर होला उनले प्रतिक्रिया जनाइहाले । मैले भने बाटोमा कुरा गरौँला भनेँ । बाटोभरि मेरा आँखा सुक्न सकेनन् । बाटोमा मैले ती साथीलाई दुःखद् खबर सुनाएँ जसरी मलाई इन्चार्जले सुनाएका थिए । उर्मिलासँग भेट हुनेबित्तिक्कै त्यो दुःखद् समारचार सुनाएँ । त्यो रात सुत्न सकिनँ । पेट पालिराख्यो । वासुको विगतले चिथोरिराख्यो । उर्मिलाले सम्झाइन्, 'हामी पनि त्यही मुक्ति वा मृत्युको यात्रामा छौँ । हामीले सहनुपर्छ ।' उनले भनेको सही रहेछ । उनले पनि वासुको पदचाप रोजिन् । वासुको बाटो हिँडिन् । उनी पनि सहिद भइन् ।

गएको भदौ ३ गते वासुले सहादत प्राप्त गरेको १९ वर्ष पुगेर २० वर्ष लागेको छ । उर्मिलाले २०५९ भदौ ३ गते अर्थात् वासुले सहादात प्राप्त गरेको ३ वर्षपछि सहादात प्राप्त गरिन् । वासुजी सहिद भएको मैले भोलिपल्ट थाहा पाएको थिएँ तर उर्मिला सहिद भएको २५ दिनपछि मात्र थाहा पाएँ । यी दुवैले भन्ने गर्दथे, हामी मुक्ति वा मृत्युको यात्रामा छौँ तर उनीहरूलगायत हजारौँले मृत्युयात्रा तय गरे । तर हामीले अहिलेसम्म मुक्ति पाएका छैनौँ । फेरि त्यही प्रतिबद्धता चाहिएको छ, मुक्ति वा मृत्यु । वासु र उर्मिलाले मानेका नायकहरूले मुक्तियात्रालाई चारधाममा परिणत गरेका छन् भने मृत्युलाई जीवनभिक्षामा ।

## कविता

### हिजोआज मलाई सबै-सबैसँग डर लाग्छ !



पार्वती कडेरिया सुवेदी

हिजोआज मलाई सबै सबैसँग डर लाग्छ !
'मेरी प्यारी छोरी' भन्दै गालामा थपथपाउने
बाबासँग
'भाग्यमानी भएस्' भन्दै आशीर्वाद दिने
हजुरबासँग
'सानी नानी चकलेट खाऊ' भनेर चकलेटको
कागज निकाल्दै दिने छिमेकी पसले अङ्कलसँग
'राम्रो पढ्दैछ्यौ' भनेर धाप मार्ने गुरुहरूसँग
बाइकमा घुमाउने मामासँग
सबैसबैसँग डर लाग्छ
जब त्यो स्नेह र अपनत्वकै काखमा लुटपुटिरहेको
बेला
एकाबिहानै आउने पत्रिकाका हेडलाइनहरूमा
हरसाँझ हेर्ने टेलिभिजनका समाचार र
ब्रेकिङ न्युजहरूमा ठूला अक्षरमा देखिन्छन्–
बाबुद्वारा छोरी बलात्कृत !
गुरुद्वारा आफ्नै छात्राको जबर्जस्ती करणी !
काकाको मिलोमतोमा नाबालिकाको सामूहिक
बलात्कारपछि हत्या !
सात वर्षीया बालिकाको बलात्कार !
... ... ...
मलाई अचेल आफ्नै घरको गल्लीसँग डर लाग्छ
आफू पढ्ने स्कुलको कोठासँग डर लाग्छ
भीडसँग डर लाग्छ
एकान्तसँग डर लाग्छ
मन्दिर जाँदा डर लाग्छ
बजार जाँदा डर लाग्छ
कोलाहलसँग डर लाग्छ
शून्यतासँग डर लाग्छ
रातमा पनि डर लाग्छ
दिनमा झनै डर लाग्छ
मानौँ ती हरेक कोठामा, गल्लीमा
भीडमा, एकान्तमा, मन्दिरमा, बजारमा
जताततै हिंश्रक सिकारीहरू मलाई हेर्दै अट्टाहास
गरेर बोलाइरहेका छन्–
आइज ! मेरो सिकार, म तँलाई नै पर्खिरहेको
थिएँ !!
... ... ...
साँच्चै भन्नुपर्दा मलाई हिजोआज
आफैँदेखि डर लाग्छ !
आफ्नो शरीरमा वृद्धि हुँदै गएका
शारीरिक अवयवहरूसँग
सुलुत्त परेको नाकसँग
चम्किला आँखासँग
लरक्क परेको कपालसँग
छिनेको कम्मरसँग
मानौँ यी सबै मलाई डस्न, सिध्याउन
मेरो अस्मिता लुट्न, मेरो अस्तित्व मेटाउन
मैले नै हुर्काएका विषवृक्ष हुन् !
... ... ...
त्यसो त म नजन्मँदैदेखि डरमा थिएँ !
कतै बाबाआमाले गर्भ परीक्षण गरेर
छोरी रहिछे भन्दै गर्भपतन गराएर फालिदिए
भने...!
त्यहाँबाट सुरु भएको
मेरो डरको शृङ्खला आजपर्यन्त उस्तै छ
परम्पराको डर
स्वतन्त्रताको डर
सामाजिक बन्धनको डर
म निमेषनिमेषमा
डरको जिन्दगी बाँचिरहेकी छु
अझ भनौँ म बाँच्नकै लागि डराइरहेछु !
... ... ...
तर...
तर अब यो त्रासको बचाइबाट
म मुक्ति चाहन्छु र
मुक्ति दिलाउन एउटा शङ्खघोष गर्छु !
ए यौनपिपासुहरू
ए नरभक्षीहरू
ए वासनाका रोगीहरू
ए दुष्ट दानवहरू
आऊ ! सब आऊ !
गल्लीगल्लीबाट आऊ !
चियाएर, मौका छोपेर, लुकेर, फकाएर र
जबर्जस्ती गरेर हैन
खुलेआम आऊ र मलाई भोग गर !
तिम्रो अतृप्त प्यास मेटाऊ
तिम्रो वासना पूरा गर !
मलाई चिथोर, कोपर, निचोर, टोक
जे मन लाग्छ गर, जसरी मन लाग्छ गर
र अन्त्यमा
आफ्नो पुरुषत्व विजयी भएकोमा सन्तुष्ट हुँदै
मलाई हत्या गरेर त्यतैकतै फालिदेऊ !!
तर...
तर यो शृङ्खलाको अन्त्य त्यहीँ हुनेछ
यो कथाको पटाक्षेप त्यही पलमा हुनेछ
त्यो भङ्कर त्रासदीपछि
मैले हेर्दा
फेरि मेरा दिदीबहिनी, आमा र हजुरआमा
कोही पनि बलात्कृत भएको देख्नु पर्नेछैन !
सधैँ डर र त्रासमा बाँचेकी म नारी
अस्मिताको रक्षाका लागि आज
अन्तिमपटक निडर भएर भन्छु–
ए पुरुष आऊ तिमी
मलाई अन्तिमपटक भोग गर !!!!

## पुँजीवादका ...

हिटलरले पनि फासिवादलाई कठोरतापूर्वक लागू गरे । कैयौँ मान्छेले फासिवादलाई हिटलर वा मुसोलोनीसँग मात्र जोडेर व्याख्या गर्ने गर्छन् जब कि सत्य त्यो होइन । पुँजीवादी राज्यसत्ता जहाँको होस्, त्यो अन्ततः दमनकारी र फासिवादी चरित्रको नै हुन्छ । हामीले आजको पुँजीवादलाई विश्वव्यापी रूपमा हेर्‍यौँ भने सजिलै देख्न सकिन्छ- पुँजीवादी सत्ता विश्वव्यापी रूपमा फासिवादीकरण हुँदै गएको छ । विश्वभरि अधिकारको माग गर्ने र मुक्ति खोज्ने जनता र राष्ट्रहरूमाथि अकथनीय रूपले जङ्गली दमन चलाइरहेको छ । पुँजीवादी राजनीति र सत्ताको हमलामा परेर निर्दोष बालबालिकादेखि जनताको ज्यान गइरहेको छ ।

**(घ) युद्धवादी**

पुँजीवादी व्यवस्था युद्धवादी हुन्छ र छ । राजनीतिक रूपले यो पनि पुँजीवादको गलत र खराब चरित्र हो । युद्धवाद भनेको सबै विषयहरू चाहे न्यायपूर्ण होऊन् वा अन्यायपूर्ण; सबैलाई युद्धद्वारा हल गर्न खोज्ने प्रवृत्ति हो । यो फासिवादकै एउटा रूप हो । कसैले आफूले भनेको मानेन, आफ्नो स्वार्थअनुसार चलेन, आफूलाई घाटा हुने भो वा नाफा हुन्छ भन्ने लाग्यो भने निहुँ खोजीखोजी युद्ध सञ्चालन गर्नु युद्धवाद हो । आज पुँजीवादी व्यवस्था बराबर युद्धवादी भएको छ । संसारमा जति पनि युद्धहरू भइरहेका छन् र जनताले युद्धको मार भोग्नुपरिरहेको छ; ती सबै पुँजीवादी तत्वहरूको नाफा-घाटा र आर्थिक स्वार्थकै कारणले भइरहेका छन् । यसो त इतिहासले देखाउँछ विगतमा जति पनि विध्वंसात्मक युद्धहरू भए (चाहे युरोपियन युद्ध होस्, चाहे पहिलो विश्वयुद्ध र दोस्रो विश्वयुद्ध नै हुन्) सबै पुँजीवादीहरूकै कारणले भएका थिए । आज पनि यही कुरा सत्य छ तर अनौठो पक्ष के छ भने युद्ध लादिरहेका शक्तिले नै सबैभन्दा बढी शान्तिवादको खोल ओढ्न खोजिरहेका छन् । जनताले भने पुँजीवादी व्यवस्थाको युद्धवादलाई बुझ्दै गएका छन् ।

**(ङ) अतिक्रमणवादी**

पुँजीवादी व्यवस्था अतिक्रमणकारी हुन्छ । अतिक्रमणवाद भनेको राजनीतिक, आर्थिक, भौगोलिक, सांस्कृतिक रूपले आफूभन्दा कमजोर देश, क्षेत्र र स्थानलाई नियन्त्रण, हमला र कब्जा गर्ने प्रवृत्ति हो । सामन्तवाद, पुँजीवादमा यो प्रवृत्ति हाबी हुन्छ । यही प्रवृत्तिका कारण विश्वमा अशान्ति र अराजकता फैलिँदै आएको छ । आज भइरहेका युद्ध र विध्वंसहरू पनि पुँजीवादको अतिक्रमणकारी चरित्रकै कारणले भइरहेका छन् । अमेरिकाले विश्वभरि अतिक्रमण गरिरहेको छ । रुसले पनि विश्वमा प्रभाव फैलाउँदैछ । भारतले दक्षिणएसियामा अतिक्रमण गरिरहेको छ । ब्रिटेन, जर्मनी, फ्रान्सले पनि आफ्नो वरिपरि प्रभाव विस्तार गरिरहेका छन् । पुँजीवादले मुखले स्वाधीनता र सार्वभौमिकतालाई उचालिरहन्छ तर उसले व्यवहारमा कहिल्यै त्यसको पालना गर्दैन । हरदम अतिक्रमण गर्दछ ।

**(च) धर्मवादी**

पुँजीवादी व्यवस्था धर्मवादी भएको छ । वैचारिक रूपले धर्मवादलाई प्रयोग गर्नु पुँजीवादको राजनीतिक विशेषता बनेको छ जो उसको राजनीतिक खराबी हो । धर्मवाद भनेको समाज, वर्ग, राज्य, जाति, संस्कृतिलाई ईश्वर, भगवान् , प्रभु, अल्लाहको रचना र सिर्जना मान्ने दृष्टिकोण हो । धर्मबारे एङ्गेल्सले भन्नुभएको छ, ‘धर्म मानिसको दिनचर्यालाई नियन्त्रण गर्ने बाह्य शक्तिहरूको मानवीय मस्तिष्कभित्र पर्ने अत्यन्त लहडी प्रतिबिम्बशिवाय केही होइन ।’

(मार्क्सवादी-लेनिनवादी दर्शनशास्त्र, पृ. १७८) ।

धर्मवादको मुख्य पक्षपोषक सामन्तवादी सत्ता, पण्डित-पुरोहित, राजारजौटा र सामन्तहरू हुन् । यो दृष्टिकोणअनुसार जस्तो सत्ता छ, जो सत्तामा मालिक छ, जो गरिब र श्रमिक छन्, जसले मोजमस्ती पाएका छन्; यी सबै ईश्वर-भगवान्का सिर्जना हुन् । यी सबैलाई यसरी नै चल्न दिनुपर्छ । यसलाई बदल्न खोज्नु भनेको भगवान्, प्रभु, अल्लाहका विरुद्ध जानु हो । सुरुमा पुँजीवादले सामन्तवादविरुद्ध विद्रोह गर्दा धर्मबाट राज्यलाई अलग गरेको थियो तर आज जब वैज्ञानिक समाजवादले पुँजीवादलाई परास्त गर्न थाल्यो तब पुँजीवादले आफूलाई पछि फर्काउँदै धार्मिक दृष्टिकोणसँग मिलाउन पुग्यो । कतिसम्म भने सामन्तीकाललाई उछिन्दै धर्म प्रचार र रक्षाका लागि खर्बौं रकम राज्यले उपलब्ध गराइरहेको छ । डलरको बलमा सर्वसाधारण नागरिकलाई धर्म स्वीकार्न र परिवर्तन गर्न लगाइरहेको छ । योजनाबद्ध रूपले श्रमिक जनतालाई वर्गसङ्घर्षबाट अलग गर्न क्रिस्चियन र मुस्लिम, मुस्लिम र हिन्दु, हिन्दु र बौद्ध धर्मका सङ्घर्षहरू सिर्जना गर्ने कार्य भइरहेको छ । मान्छेहरूलाई काल्पनिक बिम्बका लागि बलिदान गर्न लगाइँदैछ । जो मानव दुनियाँका लागि निकै दुःखदायी रहेको छ ।

**(छ) जातिवादी**

पुँजीवाद जातिवादी बनेको छ । जातिवाद भनेको रङ, चेहरा, नश्ल, जातिका आधारमा मानवजातिलाई विभाजित र विभेद गर्ने दृष्टिकोण हो । कुनै अमूक जातिलाई उच्च र अर्कोलाई निच, एउटालाई श्रेष्ठ र अर्कोलाई तुच्छ, एउटा अब्बल र अर्कोलाई कमसल, एउटालाई शासक र अर्कोलाई शासित बनाउने विचार हो । यो प्रवृत्ति दासयुगमा श्रम विभाजनबाट सुरु भई सामन्तवाद हुँदै आजसम्म कायम छ । वैज्ञानिक कारणबाट हेर्दा कुनै पनि जाति आफैँमा राम्रो र नराम्रो, श्रेष्ठ र तुच्छ, शासक र शासित हुँदैन र हुन सक्दैन । यो सबै मानवजाति वर्ग-विभाजित समाजमा प्रवेश गरेपछि मात्र पैदा भएको हो । सुरुमा पुँजीवादले जातिवादलाई पार गरेको थियो । आज पनि पुँजीवाद साम्राज्यवाद हुँदै उत्तरसाम्राज्यकालमा प्रवेश गरेपछि आफू निकै अन्तर्राष्ट्रिय बन्न पुगेको छ तर जब श्रमिकवर्गको एकता र शक्ति बलियो भएर आयो; पुँजीवादले पराजय बेहोर्नुपर्‍यो तब उसले योजनाबद्ध रूपले जातिवादलाई फैलाउन थाल्यो, आज त्यसलाई अतिमा पुर्‍याइरहेको छ । जनतालाई फुटाउन र कमजोर बनाउन उसले जातिवादलाई रोप्ने, हुर्काउने गरिरहेको छ । कतिसम्म भने एक जातिका विरुद्ध अर्को जातिलाई उचाल्ने, जातिभित्र जाति र त्योभित्र पनि गोत्र र वंशमा विभाजित गरिहेको छ । त्यही जातीय विभाजनलाई जातीय द्वन्द्वमा बदल्ने कार्य गरिरहेको छ । उसले नै एउटा जातिका विरुद्ध अर्को जातिलाई हतियार र आर्थिक उपलब्ध गराइरहेको छ । जाति र क्षेत्रलाई उचालेर देशहरू टुक्र्याइदिने र देशहरूलाई खाइदिने गरिरहेको छ । आज विश्वमा चलिरहेका जातीय द्वन्द्वमा पुँजीवादको नै प्रत्यक्ष हात रहेको छ जो मानवजाति र सभ्यताका लागि विध्वंसक छ ।

(क्रमशः अर्को अङ्कमा)

## राजनीतिक नेतृत्व ...

| | | |
|---|---|---|
| १ | भारत | IRS 250000.00 |
| २ | भुटान | Ngultrum250000.00 |
| ३ | पाकिस्तान | PKR138720.00 |
| ४ | श्रीलङ्का | LKR133750.0 |
| ५ | बङ्गलादेश | Taka78000.00 |
| ६ | नेपाल | NRS58880.00 |

**निष्कर्ष**

आज यो २१ औं शताब्दीमा विज्ञानका आश्चर्यजनक आविष्कारहरूले विश्व समुदाय विलासिताका साधनहरूको नवीनतम् रूपको उपभोग गरिरहेको छ । यो शताब्दी उपभोगको शताब्दी बनेको छ । विलासिताका साधनहरू खरिद र सञ्चालन गर्न ठूलै रकम आवश्यक हुन्छ । सुपर पावर राष्ट्रहरू आर्थिक समृद्धि र आफ्नो प्रभाव विश्वभर कायम राखिराख्न जोडतोडका साथ राष्ट्र निर्माणलाई प्राथमिकतामा राखेका छन् । राष्ट्रिय अर्थतन्त्र बलियो र विश्व बजार कब्जा गर्न नक्षत्र युद्ध, अन्तरिक्ष युद्ध, लेजर विपन, अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल र सुपर सोनिक प्लेनका साथ अगाडि बढिरहेका छन् । हामी दुईवटा विशाल भूगोल, अर्बभन्दा बढी जनसङ्ख्या र विश्व अर्थतन्त्रमा टप फाइभभित्र पर्ने देशका बीच अवस्थित छौँ । हाम्रो आम्दानीको स्रोत वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्स र आयातित सामानमाथि लगाइएको भन्सारकर मात्रै हो । निजी स्कुल, निजी कलेज, निजी अस्पताल, निजी बैङ्क, निजी सहकारी, एन.जी.ओ., आई.एन.जी.ओ, निर्माण व्यवसाय, आयातनिर्यातको काम, विदेश पठाउने शैक्षिक परामर्श एजेन्सी र वैदेशिक रोजगार एजेन्सीको मालिक भएका व्यक्तिहरू नै राजनीतिक दलका सञ्चालक, सरकार सञ्चालक र राजनीतिक दलका कार्यकर्ता हुने विद्यमान अवस्था छ । समाजवादउन्मुख संविधान भएको देशमा करिब ३०,००० (तीस हजार) राजनीतिककर्मीहरूले कुल जनसङ्ख्या २,५४,४२,९५१ माथि शिक्षा, स्वास्थ्य र आवासको व्यापार गर्ने भएकाले, राज्यले बेलगाम निजी क्षेत्रलाई व्यापार गर्न छूट दिएको छ । निजी क्षेत्रको अस्वच्छ, अपारदर्शी, नाफाखोर र माफिया प्रवृत्तिले गर्दा युवकयुवतीहरूले विदेश पलायन हुनुपर्ने बाध्यता छ । रोजगार प्राप्त नगरेका नागरिकहरूलाई बेरोजगार भत्ताको व्यवस्था राज्यले गर्नु पर्दछ । राष्ट्र सेवा गरिरहेका इमानदार राष्ट्रसेवकहरूलाई जीवन निर्वाह गर्न पुग्ने उचित तलबभत्ता राज्यले प्रदान गर्नु पर्दछ । निजामती सेवा दिवसका अवसरमा व्यक्तिविशेष दलविशेष र पदविशेषबाट माथि उठी पुर्खाले अरू राज्यको अधीन पर्नबाट जोगाएर राखिदिएको स्वतन्त्र राष्ट्रलाई स्वाधीन, सबल र आत्मनिर्भर राष्ट्रका रूपमा स्थापित गर्ने अभियानको सुरुआत गरौँ ।

## नेकपाका दुई नेता ...

थुनामा राखेको भन्दै थुनामुक्त गर्न माग राखेर धमलापुत्र चेतन शर्माले दोस्रोपटक बन्दी प्रत्यक्षीकरण रिट दर्ता गरेका थिए । उक्त आदेशपत्रमा नेकपाका नेता-कार्यकर्तालाई सरकारले राजनीतिक प्रतिशोधबाट मुद्दा चलाएको ठहर गरेको छ । आदेशपछि जारी सङ्क्षिप्त आदेशपत्रमा सरकारले पटकपटक गरिएको गिरफ्तारीलाई सर्वोच्चले ‘राजनीतिक प्रतिशोध’ भनेको छ ।

साथै नेत्रविक्रम चन्द ‘विप्लव’ ले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीलाई आदेशले संविधानबमोजिम सञ्चालित राजनीतिक पार्टीका रूपमा व्याख्या गरेको छ । आदेशको दोस्रो पृष्ठको दोस्रो हरफमा ‘संविधानबमोजिम राजनीतिक गतिविधि सञ्चालन गरेका राजनीतिक पार्टीका कार्यकर्तालाई राजनीतिक प्रतिशोधका आधारमा प्रवृत्त धारणा राखी पूर्वाग्रही भई फौजदारी एवम् राज्यविरुद्धका मुद्दाहरू लगाइरहन उचित हुँदैन’ भन्ने उल्लेख छ ।

## देशैभर ...

ल्याउनुस् । स्वास्थ्य र शिक्षामा हाम्रो पहुँच नै भएन । कसरी हुन्छ सहज र सुलभ हुने वातावरण बनाउनुस्’ भन्ने गरेका छन् ।

अभियानमा खटिएका नेताहरूका अनुसार जनता आफैँ जम्मा हुन्छन् । अभियानमा खटेका नेता/कार्यकर्तालाई खाने-बस्ने व्यवस्था गरिराखेका छन् । अभियान टोलीमा जनकलाकार पनि रहेकाले अझ आकर्षित बनाइदिएको छ । यसरी जनताको व्यापक सहभागिता, सहयोग र सङ्गठित हुनेहरूको लस्कर नै लाग्न थालेकाले आफूहरूलाई असाध्यै उत्साहित बनाएको एकजना केन्द्रीय सदस्य तथा अभियान टोली प्रमुखले बताए । ती प्रमुखका अनुसार अधिकांश जनताले ‘हामीले भोट हालेर गल्ती गरेछौँ । अब कुनै पनि संसदीय पार्टीहरूको भ्रममा परिँदैन’ भन्न थालेको पनि बताए ।

## यही अवस्थामा ...

पुँजीवादबाट फासिवादतर्फ गइरहेको भन्दै यसले राष्ट्रघात, जनघात, महँगी, करका नाममा चर्को कर उठाउने काम गरेको पनि बताएका छन् । आफूहरू सैद्धान्तिक रूपमा वार्ताविरोधी नभएको भन्दै सरकार बाहिर वार्ता भन्ने गरेको तर भित्र दमन गर्ने योजनामा रहेकाले वार्ताको वातावरण नबनेको उनको भनाइ छ । ‘हाम्रो पार्टीका स्थायी समिति सदस्यलगायत नेतालाई जिल्लाजिल्ला दौडाउने, हतकडी लगाउने ? विश्वमा कहीँकतै नभएको गतिविधि सरकारले गरेको छ । यस्तो बेला वार्ता हुन सम्भव छैन’, सुदर्शनले भनेका छन् ।

‘सरकारले साँच्चै वार्ता गर्ने भए झूट्टा मुद्दा खारेज हुनुपर्छ । बन्दी रहेका साथी रिहा हुनुपर्छ । धरपकड र गिरफ्तारीप्रति सार्वजनिक रूपमै माफी माग्नुपर्छ । समग्र वातावरण बनाउँदै औपचारिक रूपमा स्पष्ट गरेर वार्ताटोली आयो भने सोच्न सक्छौँ तर अहिले त्यो अवस्था छैन । अहिलेको अवस्थामा वार्ता हुनै सक्दैन’, नेता सुदर्शनले भनेका छन् ।

## क्रान्तिकारीहरुका लागि ...

कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा ‘प्रकाण्ड’ लाई प्रहरीले देशका विभिन्न ठाउँमा विभिन्न प्रकृतिका बनावटी मुद्दा खडा गरेर दुःख दिइरहेको छ । काठमाडौँ, नुवाकोट र मोरङबाट अदालतले रिहा गरे पनि अदालत परिसरबाटै पटकपटक पक्राउ परेका नेकपाका नेता प्रकाण्डले आफूमाथि मुद्दा लगाउने तथ्य आधार केही नभएको तर राजनीतिक पूर्वाग्रह र आग्रहका आधारमा झूट्टा मुद्दा लगाएको भन्दै यसको सामना गर्ने बताएका छन् । दाङ हिरासतमा बसेका नेता प्रकाण्डले भने, ‘क्रान्ति र जनताको परिवर्तनका कुरा गर्दा सरकारलाई गलत लाग्यो । संविधान र कानुनविपरीत लाग्यो । अहिले जुन झूट्टा मुद्दाको खेती गरिरहेका छन् यसको मूल्य तिर्न नसक्ने हुन्छ ।’

आफ्ना जनयुद्धकालीन सहयात्री रामबहादुर थापा गृहमन्त्री भएको समयमा नेकपाका नेता प्रकाण्ड हिरासतको चिसोमा समय बिताइरहेका छन् । तपाईंको समकक्षी अहिले गृहमन्त्री हुनुहुन्छ तर तपाईंको हातमा हडकडी लागेको छ भन्ने सञ्चारकर्मीको जिज्ञासामा प्रकाण्डले भने, ‘राजनीतिमा यस्तो हुन्छ । कुनै समयका समकक्षीहरू अहिले आएर प्रतिक्रान्तिकारी भए, प्रतिक्रियावादी र राष्ट्रघाती भए । अहिले उनीहरू विगतमा १० बर्से जनयुद्धमा नेपाली समाज र नेपाली जनताको मुक्ति र परिवर्तनका निम्ति जुन हामीले सँगै सङ्घर्ष गरेका थियौँ । पछिल्लो दिनमा उहाँहरू प्रतिक्रान्तिको कित्तामा जानुभयो । अहिले दलाल ठेकेदार भएर बस्नुभएको छ । यसकारण हामीले राष्ट्रका निम्ति अबको क्रान्ति र जनताको परिवर्तन सारा कुरा गर्दा उहाँहरूलाई गलत लाग्यो । संविधान र कानुनविपरीत लाग्यो । अहिलो झूट्टा मुद्दाको खेती गरिहनुभएको छ ।’ सरकारले नेकपामाथि अघोषित प्रतिबन्ध लगाएपछि सङ्घर्षका कार्यक्रम अघि बढाएकै कारण गिरफ्तार गरिएका प्रकाण्डले थप भने, ‘प्रधानमन्त्री र गृहमन्त्रीले नेपाली राजनीतिमा तिर्न नसक्ने गरी ठूलो मूल्य चुकाउनुपर्नेछ ।’

भोजपुर जिल्ला अदालतले रिहा गरेलगत्तै भदौको २० गते दाङ जिल्ला प्रहरीले गिरफ्तार गरेर उनलाई बम विस्फोट तथा कर्तव्य ज्यान मुद्दा लगाएको छ । उनले प्रधानमन्त्री र गृहमन्त्रीले नेपाली राजनीतिमा तिर्न नसक्ने गरी ठूलो मूल्य चुकाउनुपर्ने बताएका छन् ।

यसैगरी पटकपटक अदालतबाट रिहा भए पनि प्रहरीले गिरफ्तार गरिरहेका नेकपा पोलिटब्युरो सदस्य मोहन कार्की ‘जीवन्त’ ले प्रहरी घेराभित्रबाट भनेका छन्, ‘यो जेलको मोर्चामा डटेर लड्न तयार भएका मान्छेहरूलाई जेल, नेल र यातनाले कुनै प्रभाव पार्दैन ।’ उनले जहाँ र जस्तोसुकै परिस्थितिको पनि सामना गर्न तयार रहेको बताए ।

त्यस्तै अर्का नेता कृष्ण धमला ‘गम्भीर’ ले पनि क्रान्तिकारीहरूका लागि जेल एउटा मोर्चा भएको भन्दै क्रान्तिकारीहरू सधैँ अमर रहने बताएका छन् ।

यस्तै केही दिनपहिले गिरफ्तार भएर हाल इलाम हिरासतमा बन्दी बनाइएका नेकपाका झापा जिल्लासचिव सुमनसिंह पौडेलले जेल मोर्चा क्रान्तिकारीहरूका लागि एउटा पाठशाला भएकाले जेलबाटै सरकारलाई ठूलो चुनौती दिने बताएका छन् । हिरासतभित्रबाटै एकीकृत जनक्रान्ति जिन्दावाद भन्दै पौडेलले आफूहरूलाई सरकारले पक्राउ गरेर कायरता प्रदर्शन गरेको पनि बताएका छन् ।

## संक्षिप्त समाचार

### बारामा मजदुहरू सङ्गठित

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ बारा जिल्ला भेला सम्पन्न भएको छ । शुक्रबार सम्पन्न उक्त भेलामा महासङ्घका केन्द्रीय अध्यक्ष अमर झाँक्री प्रमुख अतिथि थिए । भेलाले भीम खनाल संयोजक रहेको १५ सदस्यीय समिति चयन गरेको छ । भेलालाई महासङ्घका अध्यक्ष झाँक्री, नेकपा बाराका इन्चार्ज सञ्जीवनी, सेक्रेटरी राजन, महासङ्घका केन्द्रीय सदस्य टुङ्गनाथ तिमल्सिना, पर्सा जिल्लाका अध्यक्ष कमलेश शाहलगायतले सम्बोधन गरेका थिए । भीम खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन गोविन्द गौतमले गरेका थिए भने स्वागत मन्तव्य दिनेश खतिवडाले राखेका थिए ।

### निजामती सेवा विधेयकका ९ बुँदामा कर्मचारी महासङ्घको आपत्ति

नेपाल कम्युनिस्ट पार्टी निकट नेपाल कर्मचारी महासङ्घ नेपालले प्रस्तावित सङ्घीय निजामती सेवा विधेयक, २०७५ मा कानुनी, प्राविधिक र नीतिगत त्रुटि भएको भन्दै आपत्ति जनाएको छ । नेपाल कर्मचारी महासङ्घका केन्द्रीय अध्यक्ष गोपालसिंह धामी र महासचिव अमरसिंह वलीले संयुक्त रूपमा हस्ताक्षर गरेर विधेयक परिमार्जन गरी कर्मचारीबीचको विभेदरहित, सुशासनसहित ९ बुँदामा संशोधन प्रस्तावसहित ध्यानाकर्षण गराएको हो । महासङ्घले विधेयक सङ्घीय निजामती सेवा ऐन, २०७५ हचुवाका भरमा ल्याएको भन्दै सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितलाई ध्यानाकर्षणपत्र बुझाएको हो ।

महासङ्घले विभिन्न सरकारी निकायमा विगत लामो समयदेखि ज्यालादारी वा करार सेवामा कामकाज गर्दै आएका ज्यालादारी वा करारका कर्मचारीहरूलाई एकपटक प्रक्रिया पूरा गरी स्थायी गर्ने व्यवस्था गर्न माग गरेको छ । प्रस्तावित विधेयकमा करारमा कर्मचारीलाई नियुक्त नगर्ने भनिए पनि अहिले काम गरिरहेकालाई के गर्ने भन्ने उल्लेख छैन । महासङ्घले विधेयकको दफा १३ को उपदफा ४ मा उक्त व्यवस्था पर्न सरकारको ध्यानाकर्षण गरेको छ । ध्यानाकर्षणपत्रमा आरक्षणको पदपूर्तिमा विशेष व्यवस्था प्रस्ट नभएको भन्दै सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, आर्थिक रूपले विपन्न वर्गमा पर्ने महिला, आदिवासी, जनजाति, मधेसी, दलित, थारू, खस, आर्य अपाङ्गता पिछडिएका क्षेत्रको वास्तविक पहिचान गरी वर्गीय आधारमा गरिनुपर्ने माग महासङ्घले राखेको छ ।

### देशव्यापी साङ्गीतिक अभियान सुरु

अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवार ‘सामना जनसङ्गीत अभियान’ लिएर जनताको घरदैलोमा पुगेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा विद्रोह, वीरता र क्रान्तिका गीत गाउँदै सामना परिवार जनताको आँगनमा पुगेको हो । सामना परिवारले बिहीबार नवलपरासीको बर्दघाटबाट सांस्कृतिक अभियानको सुरुआत गरेको हो ।

नेपालको क्रान्तिकारी एवम् जनवादी सांस्कृतिक आन्दोलन तथा रूपान्तरणका क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाहग गर्दै आएको केन्द्रीय सामना परिवारले ‘शान्ति, समृद्धि र समानताका लागि वैज्ञानिक समाजवाद ! वैज्ञानिक समाजवादका लागि सामना जनसङ्गीत अभियान !’ नाराका साथ देशव्यापी सांस्कृतिक अभियान सुरु गरेको हो । सामना परिवारले क्रान्तिकारी गीत, सङ्गीत, नाटक र अपेराको माध्यमद्वारा प्रतिगामी संसदीय व्यवस्था तथा ओली-दाहाल नेतृत्वको सामाजिक दलाल फासिवादी सत्ताका विरुद्ध गरिब, दीनदुःखी, शोषितपीडित जनताका पक्षमा साङ्गीतिक प्रस्तुति देखाउँदै आएको जनाएको छ ।

साङ्गीतिक प्रस्तुतिमा अपेरा र ँक्रान्ति मरेको छैन नाटक उल्लेखनीय रहेको छ । नाटकको माध्यमद्वारा राज्यसत्तामा भएको भ्रष्टाचार, महँगी र दलालीकरणले जनतामा फैलाएको आतङ्क, हैरानी र त्यसविरुद्ध भइरहेको जनप्रतिरोधलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।

सांस्कृतिक कार्यक्रममा कलाकारहरूले नेपाली संस्कृतिहरू झल्किने गीत, नृत्यका साथै शोषितपीडित नेपाली जनताले भोग्नुपरेको दुर्दशालाई चित्रण गरेका छन् ।

### सिराहा सचिवसहित चारजना गिरफ्तार

नेपाल कम्युनिस्ट पार्टीका सिराहा जिल्लासचिवसहित चारजनालाई प्रहरीले गिरफ्तार गरेको छ । उनीहरूलाई सिराहाको धनगढी नगरपालिका १२ बाट प्रहरीले शनिबार बेलुका गिरफ्तार गरेको हो । गिरफ्तार पर्नेहरूमा नेकपाका सिराहा जिल्ला सेक्रेटरी साहस, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी सिराहाका अध्यक्ष ज्ञानु सरदार, सचिव कान्छी सरदार र सदस्य चुम्बन सरदार छन् । राजनीतिक आस्थाका आधारमा आफ्ना नेता-कार्यकर्ता पक्राउ गरेको भन्दै नेकपाले बिनासर्त रिहाइको माग गरेको छ । हालसम्म पार्टीका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता प्रकाण्ड, पोलिटब्युरो सदस्यहरू पदम राई, उमा भुजेल, ओमप्रकाश पुन, मोहन कार्की, कृष्ण धमला, केन्द्रीय सदस्यहरू दीपेश राई, टेकबहादुर केसी, असल खड्का, देवनाराण शाहलगायत सयौँ नेता-कार्यकर्ता प्रहरी हिरासतमा रहेको उक्त पार्टीले जनाएको छ ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टीका सेती ब्युरो सदस्य तथा डोटी जिल्ला सेक्रेटरी गणेश रैकाल ‘रोशन’ लाई प्रहरीले गिरफ्तार गरेको छ । उनलाई शुक्रबार साँझ कैलालीको धनगढीबाट गिरफ्तार गरिएको हो । उनी आफ्ना परिवारका सदस्यको उपचारका लागि डोटीबाट धनगढी पुगेका थिए । पक्राउपछि नेकपा सेती ब्युरोका कार्यालय सचिव भगत सिंहले शुक्रबारै प्रेसविज्ञप्ति जारी गर्दै गिरफ्तारीको भर्त्सना गरेका छन् । सचिवले गिरफ्तार परेका रोशनलाई अविलम्ब रिहा गर्न माग गरेका छन् । साथै तत्काल रिहा नगरे प्रतिरोधात्मक सङ्घर्षबाट निस्कने परिणामको जिम्मेवार स्वयम् सरकार हुने चेतावनी पनि दिएका छन् ।

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ४, अङ्क १४, पूर्णाङ्क १६० रातो खबर

# कास्की र जाजरकोटमा अखिल (क्रान्तिकारी)को सम्मेलन




■ **रातो खबर संवाददाता**/पोखरा/जाजरकोट

अनेरास्ववियु (क्रान्तिकारी) कास्कीको २२ औँ जिल्ला सम्मेलन भव्यताका साथ सम्पन्न भएको छ। क्रान्तिकारीका महासचिव प्रकाश शाहीको उपस्थितिमा सम्पन्न सम्मेलनमा कास्की सेक्रेटरी आक्रोश र क्रान्तिकारीका केन्द्रीय सदस्य मुकुन्द श्रेष्ठको उपस्थिति थियो। 'सामाजिक दलाल पुँजीवाद र शैक्षिक व्यापारिक केन्द्रका विरुद्ध हाम्रो अभियान !, जनशिक्षा र सङ्घर्षशील सङ्गठनका लागि २२ औँ जिल्ला सम्मेलन !!' नाराका साथ कास्की पोखरामा भदौ २२ र २३ गते सम्मेलन सम्पन्न भएको हो। सम्मेलनले काजी गुरुङको अध्यक्षतामा २५ सदस्यीय जिल्ला कार्यसमिति निर्माण गरेको छ। उद्घाटनसत्रमा पोखरा रङ्गशालादेखि सभागृहसम्म निकालिएको ऱ्यालीमा हजारौँ विद्यार्थी सहभागी थिए।

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) जाजकोटको १८ औँ जिल्ला सम्मेलन सम्पन्न भएको छ। सम्मेलनमा उक्त संगठनका केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकालको प्रमुख आतिथ्यमा शुक्रबार सम्पन्न भएको हो। सम्मेलनले धनजित विकको अध्यक्ष रहने गरी ४५ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ। कार्यसमितिहरूमा उपाध्यक्ष विराजन शाही, सचिव वीरेन्द्र शाही, सहसचिव प्रेम खनाल, कोषाध्यक्ष वर्षा बुढा रहेका छन्। प्रमुख अथिति अध्यक्ष ढकाल, विशेष अतिथि जिल्ला इन्चार्ज धमिल, अतिथि जिल्ला सेक्रेटरी केबी मल्ल, रुकुम पश्चिमका सेक्रेटरी चन्द्र बुढामगर, ब्युरो सदस्य प्रेम चलाउने, राजेन्द्र शाह, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा भेरी संयोजक धनबहादुर नेपाली, जिल्ला जनपरिषद्का उपाध्यक्ष महानलगायत नेताहरूले बधाई तथा शुभकामना ज्ञापन गरेका थिए। सम्मेलनमा जुनी सांस्कृतिक परिबारले बाजागाजासहित सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो। कार्यक्रमको अध्यक्षता प्रेम शाही र सञ्चालन धनजित नेपालीले गरेका थिए।




**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**


**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५










निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ